हामी आँनो उद्देश्यमा अडिग र गन्तव्यमा स्पष्ट... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक ३४ • २०८१ साल असार ८ गते शनिबार (22 June, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

बलात्कार अभियुक्त वरिष्ठ उपसचिव साह कारागार चलान

टुडे समाचारदाता

जनकपुरधाम । जबर्जस्ती करणी मुद्दाका आरोपी मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका वरिष्ठ उपसचिव रुपेश कुमार साहलाई कारागार चलान गरिएको छ ।

जबर्जस्ती करणी अभियोगमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत वरिष्ठ उपसचिव साहलाई धनुषा जिल्ला अदालतले पुर्पक्षका लागि सिन्धुली कारागार चलान गरेको छ ।

धनुषा जिल्ला अदालतका न्यायाधीश हरि कृष्ण श्रेष्ठको इजलासले अभियुक्त साहलाई जाहेरवालीको श्रीमानसहित साक्षीहरुले दिएको बयानको आधारमा प्रतिवादी साहमाथि अभियोग दाबीको कसूरमा निर्दोष हुन भनी मान्न नसकिने अवस्था रहेको भन्दै कारागार चलान गरिएको आदेश पर्चामा उल्लेख छ ।

सिरहाको बरियारपट्टी गाउँपालिका- ४ स्थित तेनुवापट्टीका ४८ वर्षीय साहमाथि जाहेरवालीले गरेको जबर्जस्ती करणी सम्बन्धी कसुर मुद्दामा जिल्ला प्रहरी कार्यालयामा मुद्दा दर्ता गराएको करिब डेढ महिनापछि सो कार्यालयले अभियुक्त साहलाई पक्राउ गरेको थियो ।

वरिष्ठ उपसचिव साहमाथि उनीसंगै बस्दै आएका जाहेरवालीका श्रीमान सहकर्मीका श्रीमतीलाई डर, त्रास र धम्की देखाउँदै पटक-पटक बलात्कार गरेको अभियोग छ ।

सो आदेश पर्चा अनुसार अभियुक्त साहमाथि कसूर ठहरेमा उनलाई हुन सक्ने कैद जरिवाना समेतलाई मध्य नजर राख्दै पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी पुर्पक्षका लागि अभियुक्त साहलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न संहिताको दफ़ा ८० बमोजिमको थुनुवा पुर्जी दिइ कानून बमोजिम सिधा खान पाउने गरी कारागारमा पठाइएको छ ।

अदालतमा सो मुद्दा विचारधीन रहेकाले निरन्तर सुनुवाइ हुने देखिएको हुँदा जाहेरवाली र घटना विवरण कागज गर्ने मानिसहरुलगायत अनुसन्धानमा बुझिएका मानिसहरुलाई जिल्ला सरकारी वकिल कार्यालय धनुषा मार्फत उपस्थित गराउनु भनी जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गर्नु र अयिभुक्तको बयानमा उल्लेख गरेका साक्षी निजै मार्फत उपस्थित गराउनु भनी जानकारी गराइ उपस्थित हुन आउने साक्षीहरुको सम्पन्न गरी नियमानुसार इजलासमा पेस गर्न आदेश दिएको छ ।

अभियुक्त साहले जाहेरवालीलाई जबर्जस्ती करणी नगरेको इन्कारी बयान दिँदै उनीसंग आफ्नो प्रेम सम्बन्ध रहेको स्वीकारेका छन् । तर अभियुक्त साहविरुद्ध साक्षीहरुले समेत विरुद्धमा बयान दिएपछि सो मुद्दा लम्बिने सम्भावना देखिएको छ ।

यता जिल्ला प्रहरी कार्यालयमा दुई महिनापछि सो मुद्दा दर्ता हुँदा जाहेरवालीको भेजिनल स्वाव परीक्षण सात दिनभित्र गर्नुपर्ने भन्दै प्रहरी कार्यालयले सो परीक्षणमा बेवास्ता गरेको देखिन्छ । जसले गर्दा सो मुद्दा लम्बिन सक्ने आधारलाई संकेत गरेको छ ।

अदालतमा दिएको बयानमा जाहेरवाली गर्भवती रहेकी छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

डेंगु रोग सम्वन्धि जानकारी तथा यस वाट बँच्ने उपाय

लामखुट्टेको टोकाईवाट सर्ने चार रोगमध्ये **डेंगु** रोग पनि एक हो । यो एसिड एडिप्टाई नामक लामखुट्टेको टोकाईवाट पर्ने सरुवा रोग हो । पहिलो चरणमा ज्वरो आउने लगायतका लक्षणहरु देखा परे पनि ध्यान नदिए यो रोगको कारण ज्यान समेत जान सक्छ ।

खतराको संकेत (वार्निङ साइन)

- वाकवाकी लाग्ने, निरन्तर वान्ता हुने
- पेट दुख्ने, आलस्य हुने
- दिसा कालो हुनु तथा पिसाव रातो हुनु
- गिजा तथा नाक, मुखवाट रगत आउनु

पहिलो चरणमा देखा पर्ने लक्षणहरु

- उच्च ज्वरो आउनु
- आखाको गेडी दुख्नु तथा हल्का रातो हुनु
- जोर्नी र मांसपेशीमा अत्याधिक पिडा हुनु
- शरीर चिलाउनु(हल्का बिबिरा समेत आउन सक्छ)

डेंगु रोगको उपचार

डेंगु ज्वरो विषाणुको कारणबाट लाग्ने भएकोले यसको वास्तविक रुपमा कुनै किसिमको उपचार छैन । तर बिरामीमा देखिएको लक्षणको आधारमा सिटामोल र प्रशस्त मात्रामा झोलपदार्थ पिउनु पर्दछ । त्यसैले यस्ता लक्षणहरु कुनै पनि व्यक्तिमा देखापर्ने बित्तिकै डेंगु ज्वरोबाट हुने जटिलताबाट बचाउन तरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नु पर्दछ ।

डेंगु ज्वरोबाट बँच्ने उपाय

- *लामखुट्टेको टोकाइबाट बच्ने ।*
- *लामखुट्टेको बृद्दि र विकासमा नियन्त्रण गर्ने ।*
- *घर, आगन, कौशी/छतको हरहमेशा सरसफाइ गर्ने र पानी जम्न नदिने ।*
- *खाली बट्टा, टिन, पोखरी, टायर, ट्युब आदीमा पानी जम्न नदिने ।*
- *पानीको नाली, ढल, पोखरी आदीमा हप्ताको २ पटक डढेको मोविल, मट्टितेल छर्कने ।*
- *पानीको ट्याङ्की पुरा खाली गरेर सफ गर्ने ।*
- *खानेपानीको ट्याङ्की राम्ररी ढकन लगाएर राख्ने ।*
- *गमला, फुलदानीमा रहेको पानी हप्तामा २ पटक फेर्ने र पानी सुक्न दिने ।*

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी
विद्यालय

डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।





कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।



पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।



घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरूमा किटनाशक औषधि छर्कने गरौं ।





कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरू राम्ररी सफा गरौं ।

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

मिथिला बिहारी नगरपालिका

तारापट्टी, धनुषा, मधेश प्रदेश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरु



उच्च ज्वरो आउनु



जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु



आँखाको गेडी दुख्नु



बेस्सरी टाउको दुख्नु



शरीरमा राता बिमिराहरु आउनु



वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरु देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

नरहा गाउँपालिका

नरहा, सिरहा, मधेश प्रदेश

अन्तर्राष्ट्रिय योग दिवसको योग सिविरको आयोजना

टुडे समाचारदाता

वीरगञ्ज । अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा भारतीय महावाणिज्य दूतावास वीरगञ्जले एक दिने योग शिविर आयोजना गरेको छ।

वीरगञ्जस्थित पुरानो बस पार्कमा बृहत् कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रममा भारतीय महावाणिज्य महादूत देवी सहाय मिनाले अन्तर्राष्ट्रिय योग दिवसको स्थापना गर्ने प्रस्ताव भारतले गरेको र नेपालसहित १ सय ७७ सदस्य राष्ट्रले अनुमोदन गरे पछि वैश्विक रुपमै योग दिवस मनाउन थालिएको बताए। योगको महत्व र सान्दर्भिकता बढ्दै बताउँदै उनले यसलाई अझै व्यापकता दिनुपर्ने आवश्यकता औल्याए।

सो कार्यक्रममा मधेश प्रदेशका खेलकुद मन्त्री प्रमोद जैसवालले योगको सम्बन्ध नेपाल र भारतमा सदियो देखि चलिआएको बताए। योगको सुरुवात नै भारत र नेपाल भूमिबाट भएको बताउँदै उनले मानव स्वास्थ्यमा योगको ठूलो महत्व रहेको जानकारी गराए। उनले भने, 'योग विना यो जीवन अधुरो छ, मानिस मात्र यस्तो प्राणी हो, जसले योगको महत्व जान्दा-जान्दै पनि योग गरेको हुँदैन।'

> सो कार्यक्रममा मधेश प्रदेशका खेलकुद मन्त्री प्रमोद जैसवालले योगको सम्बन्ध नेपाल र भारतमा सदियो देखि चलिआएको बताए ।

सो कार्यक्रममा वीरगञ्ज महानगरका मेयर राजेशमान सिंह, उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष गणेश लाठ, डा.सुबोध गुप्ता, मधेस प्रदेश उधोग वाणिज्य संघका अध्यक्ष अशोक टेमानी, भारतीय महावाणिज्य दुतावासका पदाधिकारीलगायतकाहरुको सहभागिता रहेको थियो।

विश्रामपुर गाँउपालिकाद्धारा ३१ करोड ९९ लाखको बजेट प्रस्तुत

टुडे समाचारदाता

बारा। बाराको विश्रामपुर गाँउपालिकाले ३१ करोड ९९ लाखको बजेट प्रस्तुत गरेको छ। शुक्रबार गाँउपालिकाको १५ औ गाँउसभामा गाउपालिकाका अध्यक्ष जुल्फकार अलि भुटोको अध्यक्षतामा भएको नीति तथा कार्यक्रम र बजेट सार्वजनिकीकरण कार्यक्रममा वार्ड नं २ का अध्यक्ष मनोज कुमार यादवले गाउपालिकाको बजेट प्रस्तुत गरेका हुन्।

कार्यक्रमममा प्रमुख प्रशासकीय अधिकृत सुधन लामिछाने र स्वास्थ्य शाखा प्रमुख अलि अकवर हुसेनले स्वागत मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा गाउपालिकाकी उपाध्यक्ष प्रियंका देवी साह,वार्डध्यक्षहरु संतोष कुमार पटेल,मनोज यादव,शिवचन्द्र प्रसाद यादव,किशोरी साह तुरहा,अमिरीलाल प्रसाद गुप्ता तथा कार्यपालिका सदस्य र वडा सदस्यहरुको उपस्थिती रहेको थियो।कार्यक्रमको उदघोषण नायव सुव्वा देव कुमार मण्डलले गरेको जनाइएको छ।

सतलोक आश्रममा २१ नव जोडीहरुको दाइजोमुक्त सामुहिक विवाह सम्पन्न



टुडे समाचारदाता

जनकपुरधाम। धनुषाको महेन्द्रनगरस्थित सतलोक आश्रममा तीनदिने कविर प्रकट दिवस भव्यताका साथ मनाईदैछ।

कबीर परमेश्वरको ६२७ औं प्रकट दिवसको उपलक्ष्यमा सन्त रामपालजी महाराजका अनुयायीहरु द्वारा असार ६ देखी ८ गते सम्मका लागि आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भन्डारा कार्यक्रम असार ६ गते बिहिबार पाठ प्रकाश गरी प्रारम्भ भएको थियो भने दोस्रो दिन शुक्रबार विभिन्न किसिमका समाज सुधारका कार्यक्रमहरु गरि मनाइएको छ।

सन्त रामपाल महाराजको पावन सान्निध्यमा आदरणीय सन्त गरिबदास महाराजद्वारा रचित अमरग्रन्थ साहेबको पाठ जारी राख्दै २१ नव जोडिहरुको दाइजो तथा आडम्बरमुक्त विवाह (रमैणी) गराइएको छ । सामुहिक विवाहमा कुनै प्रकारको सरसामान नगद लेनदेन नगरि कुनै पक्षको एक रुपैयाँ पनि खर्च नगरि सम्पन्न भएको छ। सर्व आगन्तुकहरुलाई खाने बस्ने व्यवस्था आश्रम कै तर्फबाट विशाल भन्डारामा गरिएको थियो । मात्र १७ मिनेटको गुरुवाणी द्वारा तेत्तीस करोड देवीदेवताहरुको स्तुति गरी तीनै देवीदेवताहरुको साक्षीमा लाखौं व्यक्तिहरुसामु उक्त विवाह सम्पन्न भएको थियो । यस्ता विवाहमा कुनै किसिमको मांसाहार तथा नशालु पदार्थ आदी सेवन गर्न पूर्ण रुपमा निषेधित हुन्छ। समाजबाट दाइजोरुपी राक्षसलाई समाप्त पार्न सन्त रामपालजी महाराजको दाइजोमुक्त समाज अभियान अन्तर्गत यो विवाह गराइएको जानकारी आयोजकले जनाएका छन् । यस्ता विवाहले समाजमा प्रत्यक्ष प्रभाव पारेको र समाज परिवर्तित भैरहेको जानकारी पनि आयोजकले गराएका छन् । यस कार्यक्रममा हजारौंको संख्यामा अनुयायीहरुले नेपाल रेडक्रसलाई रक्तदान पनि गरेका छन् ।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सतिस कुमार यादव ज्यू, मधेस प्रदेश सभामुख रामचन्द्र मण्डल ज्यू, सुरक्षा निकायका उच्च अधिकारीहरु लगायत विभिन्न न.पा. का मेयर तथा वडा अध्यक्षहरु,विभिन्न निकायका प्रमुख कर्मचारीहरु, डाक्टर तथा इन्जिनियरहरु लगायत गणमान्य व्यक्तित्वहरुको बहुसंख्यामा सहभागीता रह्यो। कार्यक्रममा कबिर साहेबको प्रकट हुने देखि लिएर पुरै जिवनलीला चित्रण गर्ने आध्यात्मिक प्रदर्शनिहरु पनि लगाइएको थियो । आश्रमको सर्व व्यवस्था तथा सन्त रामपालजी महाराजद्वारा बनाइएको भक्ति मर्यादा र अनुशासनलाई देखेर सबैले हृदय देखि नै कार्यक्रम तथा आयोजकका साथै सन्त रामपालजी महाराजको प्रशंसा गरेका छन् । मधेस प्रदेशका मुख्यमन्त्री ज्यूले यो कार्यक्रम, व्यवस्थापन र अनुशासन त राज्यले नै अनुशरण गर्नुपर्ने किसिमको नमुना रहेको कुरा बताउनुभएको छ।

विशाल भण्डारामा शुद्ध घ्युमा बनेका लड्डु,जेरी,बर्फि तथा हलुवा प्रसादका साथै पूरी, शब्जी,सलाद, दाल, भात, अचार आदीको व्यवस्था गरिएको थियो । आश्रमले जुनसुकै व्यक्ति पनि कार्यक्रममा सहभागी भएर प्रसाद ग्रहण गर्न सक्ने र जति धेरै संख्यामा श्रद्धालु आए पनि सबैलाई निःशुल्क भोजन भण्डारा गराउन तयार रहेको आयोजकले बताएका छन् यसका साथै धेरै भन्दा धेरै संख्यामा आम जनसाधारणलाई कार्यक्रममा सहभागी हुन पनि आमन्त्रित गरि नै रहेको छ।

तेस्रो दिन भोग आरती र सत्संग गरी कार्यक्रम सम्पन्न हुने कुरा आयोजकले जनाएका छन् । कार्यक्रमको पहिलो र दोस्रो दिन गरी करीब ५ लाख जति श्रद्धालुहरुको उपस्थित रहेको थियो ।

धनकौलको अनुमानित बजेट करिब ४२ करोड

बखतियार अलि

मलंगवा । सर्लाहीको धनकौल गाउपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि गाउसभा तथा बजेट प्रस्तुति शुक्रबार देखि शुरु भएको छ।

१३ औं गाउसभाको आयव्यय नीति तथा कार्यक्रमको प्रस्तुति गर्दै गाउपालिका अध्यक्ष रामआश्रय साहले आर्थिक वर्ष २०८१ /०८२ का लागि अनुमानित कुल बजेट ४२ करोड ९९ लाख ८ हजार रुपैयाँ रहेको गाउँपालिका अध्यक्ष साहले प्रस्तुत गरेका थिए। जस अनुसार संघीय बजेटबाट समानीकरण, अनुदान, राजस्व बाडफाडबाट ३९ करोड ३४ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

यसैगरि मधेश प्रदेश सरकारबाट समपुरक, बिशेष अनुदान तथा राजश्व बाडफाडबाट २ करोड १८ लाख ४७ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । गाउपालिकाको आन्तरीक श्रोतबाट १ करोड ६ लाख ६१ हजार रुपैयाँ प्राप्त हुने अनुमान रहेको बजेट प्रस्तुत गर्दै गाउपालिका अध्यक्ष रामआश्रय साहले बताए।

मधेश प्रदेशका प्रदेश सभासदस्य तथा पुर्व स्वास्थ्य मन्त्री बीरेन्द्र प्रसाद सिंह तथा गाउपालिका अध्यक्ष रामआश्रय साहले संयुक्तरुपमा १३ औं गाउसभाको उद्घाटन गरेका थिए।

प्रदेशसभा सदस्य सिंहले धनकौल गाउपालिकाको चौतर्फी विकास गरेर देखाउने प्रतिबद्धता व्यक्त गर्दै पालिकाको हर सम्भव सहयोग गर्न आफु सदैव तयार रहेको बताए।

मल नियन्त्रणमा

टुडे समाचारदाता

वीरगञ्ज। १० लाख रुपैयाँ मूल्य बराबरका भारतीय मल प्रहरीले नियन्त्रणमा लिएको छ।

भन्सार छली ल्याइएको भारतीय मल अनधिकृतरूपमा भण्डारण गरी राखेको सूचनाको आधारमा छापामारी गरी मल नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

वीरगञ्ज महानगरपालिका- १६ स्थित बैष्णोदेवी मन्दिर अगाडिको बृजकिशोर महतोको घरमा छापामारीको क्रममा सो परिमाणमा भारतीय मल बरामद भएको पर्सा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक दीपक भारतीले जानकारी दिए।

कोठा भाडामा लिइ नवलपरासीको कावासोती नगरपालिका- का ६२ वर्षीय ज्ञान बहादुर महतोले सञ्चालन गरेको गोदाममा लुकाइछिपाइ राखिएको अवस्थामा मल बरामद भएको उनले बताए।

गोदामबाट ७१२ थान बोरामा भारतीय मल नियन्त्रणमा लिएको उनले बताए। सो मल भन्सार कार्यालयलाई बुझाएको छ।

त्रिविको जग्गा खोजबिन समितिद्वारा कार्यारम्भ

काठमाण्डु। त्रिभुवन विश्वविद्यालय (त्रिवि) को जग्गा तथा सम्पत्ति खोजबिन समितिले कार्यारम्भ गरेको छ। समितिले सिंहदरबारस्थित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सचिवालय सञ्चालनमा ल्याई कार्यारम्भ गरेको समितिका सदस्य जानकीबल्लभ अधिकारीले जानकारी दिनुभयो।

समितिले त्रिविका जग्गा, भवन, चलअचल सम्पत्तिको हिनामिना र अतिक्रमण भएको कुनै विषयमा जानकारी भएमा समितिलाई विभिन्न माध्यमबाट सूचित गर्न सार्वजनिक आग्रह गरेको छ। समितिले पहिलो चरणमा काठमाडौं उपत्यकाका त्रिविका जग्गा र सम्पत्तिको खोजबिन गर्नेछ।

मन्त्रिपरिषद्को गत जेठ १७ गतेको बैठकले पूर्वसचिव शारदाप्रसाद त्रितालका संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको थियो। समितिका सदस्यमा अधिकारीका साथै महेन्द्रकुमार थापा, प्रा डा प्रेमसागर चापागाईं तथा सदस्यसचिवमा सुशीला अधिकारी रहनुभएको छ। समितिलाई तीन महिनाको अवधि दिइएको छ।रासस

वीरगञ्जमा 'स्मार्ट कन्ट्रोल रुम' सञ्चालन

टुडे समाचारदाता

वीरगञ्ज। वीरगञ्जमा 'स्मार्ट कन्ट्रोल रुम' सेवा सञ्चालनमा आएको छ । पर्साका प्रमुख जिल्ला अधिकार दिनेश सागर भुसालले 'स्मार्ट कन्ट्रोल' रुमको उद्घाटन गरेका थिए।

उद्घाटन गर्दै पर्साका प्रमुख जिल्ला अधिकारी भुसालले 'स्मार्ट कन्ट्रोल'बाट भुइँ मान्छेको समस्या समाधान तर्फ गम्भीरतापूर्वक अघि बढ्नका लागि प्रहरीलाई निर्देशन दिए। प्रहरीले शुक्रबारदेखि सञ्चाल ल्याएको 'स्मार्ट कन्ट्रोल' सेवाको अवधारणा सकारात्मक रहेकोले सोही बमोजिम सेवा प्रवाह गर्न निर्देशन दिए।

सेवाग्राहीको काम छिटो छरितो बनाउनका लागि स्थानीय प्रहरीले मधेश प्रदेशमा पहिलोपटक 'स्मार्ट कन्ट्रोल' रुम सेवा सञ्चालन ल्याइएको छ। समस्याको तत्काल सम्बोधन तथा अपराध रोकथामका लागि उपत्यकापछि पर्सामा पहिलोपटक 'स्मार्ट कन्ट्रोल' बाट सेवा प्रवाहको अवधारणा ल्याइएको पर्सा प्रहरीका प्रहरी उपरीक्षक कुमोध ढुंगेलले बताए।

उनले सेवामार्फत प्रहरीले कुनै पनि घटनाको छिटो र छरितो जानकारी लिइ समस्याको समाधानका लागि अग्रसरता लिन प्रहरी परिचालन हुने बताए।

कन्ट्रोल रुममा १०० नम्बरमा कल गरेपछि पर्सा प्रहरीले एकैपटकमा चारवटा फोनबाट स्मार्ट सेवा दिनेछ।

तपाईंको आज

पण्डित : बम जी

मेष	: अवसर प्राप्त।
बृष	: वाद विवादबाट बच्नु।
मिथुन	: पुरस्कार प्राप्त लाभ।
कर्कट	: नयाँ कार्य हुने।
सिंह	: बौद्धिक क्षमता।
कन्या	: प्रतिभा सम्पन्नता।
तुला	: शिक्षामा उन्नति।
वृश्चिक	: पारिवाहिक सुख।
धनु	: धन वृद्धि सञ्चय।
मकर	: प्रेम प्रसंग, मित्र सुख।
कुम्भ	: सुख समृद्धि हुने।
मीन	: भ्रमण अवसर हुने।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११	विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००	साह केबुल	५२४७२२
एम्बुलेन्स (रेडक्रस)	१०२	जानकी केबुल	५२३७२८
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१	म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६	नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
अञ्चल अस्पताल	५२००३३	मुजेलिया प्रहरी चौकी	५२०७५०
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९	सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६	बुद्ध एयर	५२५०२२
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१	यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
रक्तसंचार (रेडक्रस)	५२०८७०	होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४	होटल रामा	५२००५९, ५२३८५४
कृष्णा नर्सिङ्गहोम	५२१९१८	वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७	गौतम होटल, बर्दिबास	०४४-५५००३४
आँखा अस्पताल	५२०३९७	जलेश्वर अस्पताल	०४४-५२००७०
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६	प्रहरी (जलेश्वर)	०४४-५२०००९
एयर पोर्ट	५९००५८, ५९००५२	एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
		विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

अन्तर्राष्ट्रिय योग दिवस सन्दर्भ :

जीवन रुपान्तरणका लागि योग

काठमाण्डु ।

युवावृद्धोऽतिवृद्धो वा व्याधितो दुर्बलोऽपि वा ।
अभ्यासात्सिद्धिमाप्नोति सर्वयोगेष्वन्द्रितः ॥
हठयोग प्रदीपिका ।

अर्थात् युवा, वृद्ध, अतिवृद्ध, रोगी, दुर्बल जोसुकैले पनि योगाभ्यास गरेर सफलता (सिद्धि) प्राप्त गर्न सक्दछ । हो, योगको अन्तिम लक्ष्य सिद्धि प्राप्त गर्नु हो । तर धनसिद्धि र नामसिद्धि प्राप्त गर्ने होड चलेको आजको युगमा मान्छेसँग योगसिद्धि प्राप्त गर्ने समय छैन । तर पनि आफ्नो व्यस्त दिनचर्याबाट अलिकति समय निकालेर योग-योगाभ्यास गर्यो भने आरोग्य सिद्धि प्राप्त गर्न निश्चित रूपले मद्दत पुग्छ ।

आजको मानिस व्यस्त छ । व्यस्त हुनु उसको बाध्यता हो । बाध्यताभित्र लुकेको विडम्बना चाहिँ के हो भने मानिस व्यस्त मात्र होइन, ग्रस्त, त्रस्त र ध्वस्तसमेत हुँदैछ । अर्थात् कि रोगले ग्रस्त, तनावले त्रस्त र अनैतिकताले ध्वस्त । यी सबै सङ्कट र तापहरूको रामवाण औषधि भनेको नै योग हो । त्यसैले त भनिएको छ-‘भवतापेन तप्तानां योगो हि परमौषधम्’ । याने कि निश्चय नै योग अचेलका नानाविधि ताप-सन्तापहरूको जडी औषधि हो ।

यही योगरुपी अमृततुल्य औषधिलाई आत्मसात् गर्ने, यसमाथि चिन्तन मनन गर्ने र यसको यथोचित प्रचारप्रसार गर्ने पर्वको नाम हो अन्तर्राष्ट्रिय योग दिवस । विश्वका २०० अधिक देशहरूमा एकसाथ मनाइने एकमात्र उत्सव हो यो योग दिवस । योग दिवस मनाउने क्रममा सुरुसुरुमा केही मतभेद, विवाद र विरोधहरू सुनिन्थे तर आज आएर योग विज्ञानप्रति कुनै पनि विवाद र विरोध सुनिँदैन । यसलाई एउटा आत्म उत्कर्षको विज्ञान, सार्वभौम चिकित्सा पद्धति र प्राकृतिक जीवनशैलीको रूपमा निशर्त स्वीकारिएको पाइन्छ । हामी नेपालीका लागि यो महान् गौरवको विषय हो किनकी योगको उद्गम भूमि यही नेपाल हो । हाम्रै पूर्वज ऋषि महर्षिहरूले योगको आविष्कार गरेका हुन् । योगसँगै उनीहरूले आयुर्वेद, वेद, ज्ञान, साधना र अध्यात्म विज्ञानको पनि आविष्कार गरेका थिए । जुन आज विश्वभरि प्रचारित र प्रसारित भइरहेको छ ।

विविधतापूर्ण योग विज्ञान

आमधारणा जस्तै योग आधा-एक घण्टामा गर्ने व्यायाम कसरत मात्र हैन, यो प्रतिपल, प्रतिक्षण र सास सासमा चलिरहने प्रक्रिया हो । महर्षि अरविन्दले भन्नुभएको छ, ‘प्रत्येक श्वास योग साधना हो ।’ व्यवहारिक परिप्रेक्ष्यमा योग जीवन जिउने कला हो । योग विज्ञानका अध्येताहरूको अनुभवअनुसार योग समग्र जीवन पद्धति हो, सर्वाङ्गीण जीवनदर्शन हो । अध्यात्म वैज्ञानिकहरूको दृष्टिकोणमा योग सबै विज्ञानभन्दा माथि चेतनाको महाविज्ञान हो । ऋषिमहर्षि सूक्ष्म द्रष्टाहरूको भनाइमा योग समाधिको यात्रा हो । महर्षि पतञ्जलि भन्छन्, ‘मन (चित्त) का वृत्तिहरूको यथोचित निरोध नै योग हो ।’

यी विभिन्न अभिमतहरूमध्ये तपाईंलाई जुन तर्क अधिक मन पर्छ, त्यसलाई सहर्ष स्वीकार्न सक्नुहुनेछ । व्यक्तिपिच्छे रुचि, क्षमता, कर्म र संस्कारको स्तर भिन्न हुने गर्छ । कुनै व्यक्ति तर्कशील र बौद्धिक हुन्छ भने कुनै व्यक्ति भावनाशील र भक्तिवान हुन्छ । जसमा जुन किसिमको क्षमता र अभिरुचि हुन्छ सोहीअनुरूप ऊ योगमार्गको चयन गर्न सक्दछ । त्यसैले गर्दा योग-आविष्कारहरूले अनेकौँ प्रकारका योग प्रणालीको प्रवर्तन गरेका छन् । पृथकपृथक प्रकारका योग पद्धतिहरू खास गरी विविधताले भरिएका जिज्ञासुहरूको सुविधामाथि ध्यान राखेर विकसित भएको हुनुपर्छ ।

प्रचलित प्रमुख योग प्रणाली यस प्रकार छन्- कर्मयोग, ज्ञानयोग, राजयोग, अष्टाङ्ग योग, भक्तियोग, मन्त्रयोग, हठयोग, क्रियायोग, नादयोग, प्राणयोग, ध्यानयोग । आजभोलि योगको नाममा जुन आसन, प्राणायाम र केही मुद्राबन्धको प्रयोग गरिन्छ, त्यो हठयोगको एउटा सानो अंश मात्र हो । समग्रतामा योग अत्यन्तै व्यापक, असीम र वैविध्यपूर्ण छ । यसर्थ योग गर्नलाई कसैलाई कुनै पनि कुराले र कहिल्यै पनि छेक्दैन । जहिले पनि जहाँ पनि, जुनसुकै परिस्थितिमा पनि योग गर्न सकिन्छ ।

शरीर रहुञ्जेल हाम्रो शरीर कुनै न कुनै आसनमा अवस्थित हुने गर्दछ । आसन बिना शरीर अस्तित्वमै रहँदैन । हरघडी शरीरको अवस्था, दशा, लयबद्धताप्रति सजग हुनु नै आसनाभ्यास हो । प्रत्येक मिनेट १६-१७ पटक लिने छाड्ने श्वासप्रश्वासलाई परिष्कृत गर्नु प्राणायाम हो । यसरी जीवनका प्रत्येक आयाममा उत्कृष्टता, विशुद्धता र दिव्यता थप्दै जानलाई केले छेक्ने ? स्मरण रहोस्, शरीर र मनको उपलब्धता नै योगको प्रयोगशाला हो । पट्टाभि जोइस भन्नुहुन्छ, “जो यसलाई चाहन्छ योग हरेकका लागि सम्भव छ । योग एक ब्रह्माण्डीय विषय हो तर यसलाई व्यापारिक उद्देश्य र सांसारिक कमाइको उद्देश्यले प्रयोग गर्ने भुल नगर ।”

योग नगरे गुम्छन् यी फाइदा

शारीरिक- ओजस्वी शरीर, आरोग्यवान् एवं स्वस्थ शरीर, तन्दुरुस्त एवं सुगठित काया, कर्मसामर्थ्यले युक्त तन, तेजोमय मुखमण्डल, स्फूर्तिवान् व्यक्तित्व, भरिपूर्ण जीवनीशक्ति, दुःखकष्ट तथा घामपानी सहन सक्ने ज्यान ।

प्राणिक-प्राण सम्पन्न व्यक्तित्व, आँखामा तेज, त्वचामा चमक, प्रबल रोग प्रतिरोधी क्षमता, जाडो-गर्मी जुनसुकै स्थानमा अनुकूलित हुन सक्ने, उन्नत एवं सुविस्तृत आभा मण्डल भएको ।

मानसिक- तीक्ष्ण (बौद्धिक क्षमता), एकाग्रता क्षमता, स्मृति क्षमता, बोध क्षमता, ग्रहण क्षमता, धारणा क्षमता, ध्यान क्षमताजस्ता मानसिक क्षमताले युक्त । सिर्जनात्मकता, रचनात्मकता, मनस्वीता, अन्तर्ज्ञान, भाषिक चातुर्यता, भेद चातुर्यता, निर्णयशीलता, लक्ष्यशीलता, नेतृत्वक्षमता, प्रबन्धक्षमता, कलाकौशल आदि कसौटीमा प्रखर ।

नैतिक-नीतिवान्, सदाचारी, सत्यनिष्ठ, अहिंसावादी, एमआईअर्थात् मोरल इन्टेलिजेन्स सम्पन्न, विश्वसनीय, अपरिग्रही (अनावश्यक सम्पत्ति नथुपार्ने), समाजनिष्ठ, सामुहिकता एवं सहकारिताको गुणयुक्त, सहअस्तित्वप्रेमी, प्रकृतिप्रेमी, पर्यावरणप्रेमी, आदर्शवान् । आध्यात्मिक-हृदयवान्, भावनाशील, परानुभूतियुक्त, कर्मशील, कर्मफल विधानको अनुयायी, संस्कारवान्, सङ्कल्पशील, ईश्वरानुरागी, आसक्तिविहीन, न्यायप्रेमी, सर्वप्रिय, प्रेमवान्, दिव्य गुणहरूले युक्त ।

योगको क्षेत्रमा धमाका

अहिलेको पुस्ता क्रमशः दुर्बल र लक्ष्यहीन हुँदै गइरहेको छ । अहिलेको युगलाई तनाव र डिप्रेसनको युग पनि भन्न थालिएको छ । धनसम्पत्ति र पदप्रतिष्ठाको स्वामी भएकै कारण आजको मान्छे आफूलाई बलवान ठान्ने गर्छ । जबकि उसको स्वामित्वमा रहेको वस्तु हटाइदिने हो भने शरीरबल, मनोबल र आत्मबल नितान्त क्षीण हुँदै गएको अवस्था छ । यस परिप्रेक्ष्यमा अब योगबाहेक अर्को समाधानै देखिँदैन उसको मानसिक नपुंसकता र दुर्वलतालाई निवारण गर्ने । योगमा केवल विरासन र सिंहासन मात्रै गरिँदैन । यसले वीर र सिहंस्वरूप समेत बन्न सिकाउँछ । अन्यथा योगमा निहीत बलप्रदायक विशेषताको वर्णन योग गुरु अमित राय किन यसरी गर्नुहुन्थ्यो, ‘योग केवल केही आसनहरूको पुनरावृत्ति होइन, यो त्यो विद्या हो, जसले हामीभित्र विद्यमान सुक्ष्म ऊर्जा भण्डार खोज्ने र प्रष्फुटित गर्ने काम गर्दछ ।’

धेरैजसो मानिस आज धन र सविधा बटुल्ने अन्तहीन दौडानमा छन् । मान्छेलाई न चैन छ न विश्राम गर्ने समय । आवश्यकता र विलासिताको साधन कमाउने दौडमा जब मान्छे थाक्दछ, वाक्कदिक्क हुन्छ, उसलाई अन्ततः योगको छहारी याद आउँछ । ऊ आउने आखिर योगकै शरणमा हो । चाहे त्यो कालो होस् चाहे गोरो, चाहे त्यो सनातनी होस् चाहे गैरसनातनी, चाहे त्यो साम्यवादी होस् चाहे अरू कुनै वादी । हाम्रा अन्वेषक पूर्वजहरूले प्रवर्तन गरेको योग, हामी तिनैका सन्ततिहरू भएर पनि योग त्यतिसारो गर्दैनौँ । हाम्रो पूर्वीय इतिहाससँग कुनै तालुक नभएका पश्चिमाहरू अहिले योगको क्षेत्रमा धमाका गरिरहेका छन् । के यो योगबलको प्रभाव हैन ?

तपाईँ हामीमध्ये कतिपयको योग सुरु गरौँला भन्दाभन्दै वर्षौं बितेर गएको छ । ती पश्चिमाहरू भने ‘योग गरौँ आजैदेखि’ भन्ने नारा बोकेर दिनैपिच्छे लाखौँ मान्छेलाई योगसँग जोडिरहेका छन् । जहाँजहाँ योग विषयक उत्सव, महोत्सव, कार्यशाला र कुम्भमेला हुने गर्छ गोरो छाला भएकाको सङ्ख्या ठूलो हुने गर्दछ । यसैले उनीहरू भौतिकताको बिलासिताबाट अघाएर अब योगसाधनाको मार्ग खोजिरहेका छन् ।

संयुक्त राज्य अमेरिकामा मात्रै योग क्षेत्रमा करोडौँ डलरको कारोबार भइरहेको छ । अमेरिकामा एक लाख बढी दर्तावाल योग शिक्षक कार्यरत छन् । महँगा सहरहरूमा महँगा किसिमका योगा स्टुडियो, लाइफस्टाइल क्लिनिक, योगा पार्लर, योगा सेनिटोरियम र योगा क्लबहरू धमाधम खुलिरहेका छन् । योगबलका बारेमा यसरी बहुआयामिक व्याख्या गर्नुको उद्देश्य यो आलेख पढ्दै गर्ने तपाईँलाई योगशैलीको पारखी बन्न प्रेरित गर्नु हो । योग गर्न कुनै थप योग्यता चाहिँदैन र तपाईँ नै यसको उत्कृष्ट पात्र हुनुहुन्छ ।

आफैँ रोजौँ उत्तम योगपथ

‘योग’ को विषयलाई आज कतिपय योग गुरुले धेरै जटिल बनाइदिएका छन् । आम जनधारणा कस्तो छ भने योग भनेको रोग लागेपछि गर्ने, सेवानिवृत्त भएपछि गर्ने या काम नभएकाले गर्ने भन्ने परेको छ । अर्कोतिर भेषधारी, वैरागी, गृहत्यागी, जटाधारी, अकर्मण्यहरूले हिँड्ने बाटो हो भन्ने पनि छ । यस्ता भ्रान्तिहरुका बीच एउटा योगानुरागी तप्का चाहिँ हठयोगप्रधान आसन प्राणायाम चाहिँ हामीले पनि गर्न हुने रहेछ भनेर त्यसमा लागिरहेको छ । आधुनिक भोगवादी पुस्ताको बहसङ्ख्यक मान्छे योगलाई अझै पनि जीवनको गैरविषयवस्तु सम्झन्छ । जबकि योग सबैका लागि र प्रत्येक मनुष्यका लागि हो । मनुष्य चोलामा जन्म लिनु नै योगको सार्वभौमिक योग्यता हो ।

युगऋषि आचार्य श्रीराम शर्माले भन्नुभएको छ, “यस्तो सुगम मार्गलाई पनि आज मान्छेले दुर्गम मानेर बसेका छन् । योग गर्नलाई ‘मन’ भए पुग्छ । मनमा तत्परता र तन्मयता छ भने योग जसले पनि गर्न सक्छ । यो कुनै पनि हालतमा कठिन छैन । आफ्नै हातको खेल हो । तर साहस र श्रद्धा चाहिँ चाहिन्छ ।”

योगबाट हरेक व्यक्ति लाभान्वित हुनसक्छ । पेसा, काम, जातजाति, लिङ्ग, धर्म र भाषाले रोक्दैन । तपाईँ आफ्नो व्यक्तित्व, अभिरुचि, आन्तरिक संस्कार र क्षमताअनुसार जुन योगपथ रुचाउनु हुन्छ, त्यसमा अग्रसर हुनुहोस् तर आजैबाट । यसै पनि यस वर्षको नारा पनि ‘योगा फर सेल्फ एण्ड सोसाइटी’ अर्थात् स्व र स्व-समाजका लागि योग रहेको छ । यस किसिमको नाराका साथ दशौँ अन्तर्राष्ट्रिय योग दिवस मनाइरहँदा बालज्ञानी गुरु आदित्य नामले सुपरिचित योगी चैतन्य आदित्यनाथको यो कथनलाई एकपटक हृदङ्गम गरौँ, “योग, ध्यान, साधना बिनाको सुखद् जीवन नियाल्दैछौँ भने आँखा भए पनि तिमी अन्धो हौँ, सबै अङ्गमा चेतना भए पनि तिमी लुलो हौँ ।”रासस

> युगऋषि आचार्य श्रीराम शर्माले भन्नुभएको छ, “यस्तो सुगम मार्गलाई पनि आज मान्छेले दुर्गम मानेर बसेका छन् । योग गर्नलाई “मन” भए पुग्छ । मनमा तत्परता र तन्मयता छ भने योग जसले पनि गर्न सक्छ ।

सुन तस्करीको आरोपमा तीन पक्राउ

काठमाण्डु । कतारबाट कम्मरमा सुन लुकाएर ल्याउनेसहित तीन जनालाई प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।

उनीहरुलाई काठमाडौँको सिनामङ्गलबाट पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जानकारी दिएको छ ।

प्रहरीले पक्राउ गरेकामा बाँकेको खजुरा गाउँपालिका-८ का २४ वर्षीय मोहमद दिलसाद खाँ, नवलपरासीको पूर्व गैडाकोट नगरपालिका-१३ का २६ वर्षीय सन्तोष परियार र तनहुँको भानु नगरपालिका-१३ का २५ वर्षीय अञ्जिल गुरुङ रहेका छन् ।

हिमालय एयरको उडानमार्फत कतारबाट नेपाल आउने क्रममा खाँले कम्मरमा लुकाएर सुन ल्याएको भेटिएपछि उनलाई सिनामङ्गलबाट पक्राउ गरिएको कार्यालयका प्रहरी उपरीक्षक अङ्गुर जिसीले जानकारी दिनुभयो ।सुरक्षा जाँचका क्रममा खाँको साथबाट निलो रङ्गको जिन्स पाइन्टको कम्मरको भागमा सेतो टिस्यु पेपरले फोल्ड गरी लुकाइछिपाइ राखेको अवस्थामा झण्डै १० लाख पर्ने ६९ दशलमव आठ सय ९० ग्राम तौलको ब्रासलेट र ११ दशमलव छ सय ५० ग्राम तौलको बेरुवा औँठी फेला पारिएको जिसीले बताउनुभयो ।

खाँले सुन ओसारपसार कार्यमा सन्तोष परियार र अञ्जिल गुरुङको पनि संलग्नता रहेको बताएपछि प्रहरीले तीनै जनालाई पक्राउ गरेको हो । बिहीबार पक्राउ परेका उनीहरुलाई भन्सार ऐनअनुसार आवश्यक अनुसन्धान तथा कारबाहीका लागि शुक्रबारै विमानस्थल भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।रासस

‘बिचौलियाका कारण दुग्ध किसान समस्यामा’

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले बिचौलियाले गर्दा वास्तविक दुग्ध किसान भुक्तानीको समस्यामा परेको बताउनुभएको छ । कृषि तथा पशुपन्छी मन्त्रालयमा भएको कृषि समितिको बैठकमा आज उहाँले दुग्ध विकास संस्थानका केही कर्मचारीको दादागिरीका कारण समस्या समाधान गर्न जटिल भएकोसमेत सुनाउनुभयो ।

उहाँका अनुसार संस्थानमा नौ सय कर्मचारी छन् जसमा छ सय स्थायी र तीन सय करारका छन् । करारका कर्मचारीले राम्रोसँग काम गरिररहेको भए पनि स्थायी कर्मचारीमा दादागिरी प्रवृत्ति देखिएको उहाँको भनाइ छ । “कहीँ नभएको जात्रा दुग्ध विकास संस्थानमा देखिएको छ”, उहाँले भन्नुभयो, “अब एक-दुई महिनाभित्र म सुधार गर्छु । यसका लागि ठूलै मूल्य चुकाउन परे पनि चुकाउँछु ।” बैठकमा उहाँले किसानलाई न्याय दिन संस्थानका कर्मचारी सुधार्न जरुरी रहेको बताउनुभयो । उहाँले मल वितरण प्रक्रियामा केही समस्या भए पनि यो पटक रोपाइँ गर्न मल अभाव नहुने जानकारी दिनुभयो ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को उपभोक्ता हित संरक्षण तथा सुशासन केन्द्रीय विभागद्वारा कृषिमन्त्रीसमक्ष ‘ ध्यानाकर्षण पत्र’ बुझाइएको थियो । विभागका प्रमुख एवं पुर्व राज्यमन्त्री जितु गौतमले ध्यानाकर्षण पत्र बुझाउँदै किसानको हितमा उल्लेख गरिएका बुँदा छिट्टै कार्यान्वयन गर्नुपर्ने बताउनुभएको थियो ।

ध्यानाकर्षण पत्रमा मन्त्रीलाई सुझावसहित १५ बुँदे सुझाव पेस गरिएको छ । बैठकमा उपस्थित सांसदहरुले किसानको राहत र कृषि सुविधाका बारेमा विभिन्न जिज्ञासा र प्रश्न राखेका थिए । कृषि मन्त्रालयका सचिव दीपककुमार खरालले किसानलाई मलको अभाव नभएको तर स्थानीय तहमा वितरणको प्रक्रिया अलि जटिल भएकाले समस्या आएको बताउनुभयो ।रासस

‘लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकार प्राप्तिका लागि ऐक्यबद्धता आवश्यक’

काठमाण्डु । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार प्राप्तिका लागि सरोकार भएकाहरुले ऐक्यबद्धता जनाउनुभएको छ ।

अङ्ग्रेजी पात्रोअनुसार प्रत्येक वर्ष जुनमा मनाइने ‘ग्लोवल प्राइड मन्थ’ अर्थात ‘गौरवको महिना’ मनाउने क्रममा यहाँ आयोजित एक कार्यक्रममा उहाँहरुले लैङ्गिक तथा यौनिक अल्पसंख्यकको कानुनी हक अधिकार तथा सामाजिक न्यायका मुद्दामा एकजुट हुन सबैलाई आह्वान समेत गर्नुभयो ।

पिस भूमि संस्थाको आयोजना र ललितपुरस्थित अनुबुक्सको सहकार्यमा आयोजित तेस्रो वार्षिक कार्यक्रमका सहभागीले लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सङ्घर्ष, हालसम्मका प्रगति तथा कानुनी रुपमा हासिल भएका उपलब्धीबारे चर्चा गर्नुभएको थियो ।

सहभागीहरुले लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हक अधिकार तथा सामाजिक सम्मानका विषयमा आवश्यक जनचेतना फैलाउन जरुरी भएको बताउनुभएको थियो ।

त्यसअवसरमा पाल्पाका परलैङ्गिक पुरुष समोनले आफ्नो अनुभव सुनाउँदै बुबा शिक्षक भएकाले आफूले छिटो कुरा बुझेकाले निकै सहज भएको बताउनुभयो । अधिवक्तासमेत रहनुभएका समोन हाल लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको हक र अधिकार प्राप्तिका क्षेत्रमा सक्रिय हुनुहुन्छ ।

“बाल्यकालमै बुबाले मेरो भावना बुझ्नुभयो, उहाँकै साथ र सहयोगले सम्मानका साथ समाजमा स्थापित हुन सकेको छु”, उहाँले भन्नुभयो, “परिवार र समाजका सदस्यले सम्मान गर्दा मात्रै हामीलाई ठूलो सहयोग र आत्मविश्वास मिल्छ ।” आफू बुबाकै सल्लाहमा उच्च शिक्षाका लागि काठमाडौँ आएको र नयाँ पहिचानसहित ‘करिअर’ अघि बढाएको उहाँको भनाइ थियो ।

त्यसअवसरमा परलैङ्गिक पुरुष सन राईले सुरुआती दिनमा आफूले पहिचान नखुलाएको उल्लेख गर्दै बालबालिकालाई यौनिक पीडकहरुबाट बचाउन आवश्यक रहेकामा जोड दिनुभयो । उक्त समुदायका अधिकांश वक्ताहरुले संविधान र कानुनले दिएको अधिकार र कार्यान्वयन, राष्ट्रिय जनगणनामा तथ्याङ्क सङ्कलनका क्षेत्रमा त्रुटी भएको भन्दै नीति निर्माणको तहमा पनि आफूहरुको सहभागिता हुनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा ‘स्टोनवाल फेभर’ शीर्षकको वृत्तचित्र प्रस्तुत गरिएको थियो । जसमा यस समूदायको विगत, वर्तमान र भविष्य देखाउने प्रयास गरिएको थियो । कफी एट अनुबुक्स प्लेटफर्ममा यस प्रकारका कार्यक्रमले सामाजिक सहयोगको महत्व बुझाउन, सामाजिक अपनत्व बढाउन र पैरवीका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको थियो । उहाँहरुले यस समूदायको विविधताको स्वीकार्यता तथा समावेशी समाज निर्माणमा यसप्रकारका कार्यक्रम आवश्यक भएको उल्लेख गर्नुभयो ।रासस

वाग्द्वारका पुजारी निकाल्न लागेकामा स्थानीयवासीको आपत्ति

काठमाण्डु । काठमाडौँ उपत्यकाको सभ्यताकोस्रोतवाग्मतीनदीकोमुहानस्थल वाग्द्वार क्षेत्रका मठ मन्दिरमा विगत एक दशकअघिदेखि पूजा, आराधना गर्दै आउनुभएका सन्त-पुजारीलाई हटाउन लागेकामा स्थानीयवासीले आपत्ति जनाएका छन् ।

गोकर्णेश्वर नगरपालिका-१ स्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा पर्ने वाग्द्वारमा सत्यानन्द शिवाचार्यले पूजा आराधना गर्दै आउनुभएकामा निकुञ्जले निकाल्न लागेकाले विरोध गर्नुपरेको स्थानीयवासी एवं बिपी सङ्ग्रहालय समितिका अध्यक्ष पर्शुराम पोखरेलले जानकारी दिनुभयो ।

निकुञ्जभित्रको अप्ठ्यारो ठाउँमा बसेर नित्य पूजा गर्ने सन्तलाई हटाएर निकुञ्ज प्रशासनले सनातनकालदेखि चलिआएको परम्परा मास्न खोजेको भनी स्थानीयवासी सम्मिलित एक समूह सो सन्दर्भमा यथार्थ बुझ्न हालै वाग्द्वार पुगेको थियो ।

वाग्द्वार पुगी बुझ्दा नित्य पूजा गर्दै आएका शिवाचार्यलाई त्यहाँबाट निकाल्नका लागि प्रक्रिया सुरु भएको भन्ने जानकारी प्राप्त भएको अध्यक्ष पोखरेलले बताउनुभयो ।रासस

राजर्षिजनक विश्वलविद्यालय
उपकुलपतिको कार्यालय
जनकपुरधाम, धनुषा

सूचना

प्रकाशन मितिः २०८१/०३/०८

राजर्षिजनक विश्वविद्यालय अन्तर्गत संचालित शैक्षिक कार्यक्रमहरु (BBA, MBA, BCA, BSc. CSIT, BALLB, BPH / BSc. MLT) उपयुक्त ठहरिएको क्याम्पसलाई तोकिए वमोजिम सम्बन्धन प्रदान गर्ने प्रावधान अनुसार निजी, सार्वजनिक, सहकारी र अन्य प्रकारको साझेदारी तथा वैदेशिक लगानीमा संचालित क्याम्पसलाई सम्बन्धन लिनकालागि राजर्षिजनक विश्वीविद्यालय कार्यकारी परिषद्द्वारा स्वीकृत “सम्बन्धन सम्बन्धि कार्यविधि २०८१” अनुसार मिति २०८१/०३/०९ देखि २०८१/०३/२३ सम्म आवेदन आह्वान गरिएको छ । “सम्बन्धन सम्बन्धि कार्यविधि २०८१” विश्वविद्यालयको website: www.rju.edu.np बाट डाउनलोड गर्न सकिनेछ । अन्य विस्तृत जानकारीका लागि विश्वविद्यालयमा सम्पर्क गर्न सकिनेछ ।

सम्पर्क : info@rju.edu.np, +9779851274033

उपकुलपति

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।
टिकट दर १८,000 भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।
प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१0
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)

जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

।। खाड़ी मा पैसाको बाढ़ी छैन ।।

आमा खाड़ी मा पैसाको
बाढ़ी छैन धेरै दुःख कष्ट
गर्नु पर्छ
विहान छउ बजे डिउटी
गए भन्ने बेल्का को छउ
बजे आउने हो
यहीं ले त गर्मी को समय मा
डिउटी मा लगेको खाना
पनि बिग्रीन्छ पानी पनि
तातो न तातो हुन्छ गर्मी ले गर्दा
त्यही खाना र पानी पिउनु पर्छ
खाड़ी मा रूख विरूवा पनि छैन त्यति
कि कहि रूख मा बसेर थकाई मेटु
पुरै कपड़ा पसीना ले भिजेको हुन्छ
जुत्ता मा पसीना पसेर जुत्ता छप छप गर्छ
मन त गर्मी ले गर्दा फेन्ट पनि आउछ
कति साथीहरू त काम गर्ने ठाउ बाट
लडेर आकाल मा ज्यान गुमाएका छन
आमा विदेश मा दुई पैसा
कमाउनको लागि धेरै गाह्रो छ
ज्यानको बाजी लाएर दुई पैसा
कमाउछ रगत लाई पसीना जस्तै
बगाउनु पर्छ अनि दुई पैसा कमाउछ
मैले पनि भन्ने गर्थे आमा
विदेश मा मान्छे धेरै पैसा
कमाको छ
तर त्यो पैसा कसरी कमाउदो
रहे छ त्यो म स्वयं भोगि रहेको छु
आमा पैसा कमाउन लाई धेरै नै
गाह्रो छ आफ्नो देश जस्तो विदेश मा
हुदैन धेरै समस्या हुन्छ

धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार, दोहा कतार

।। विदेश ।।

कोई सखले त कोई बाध्यताले जाने गर्छ विदेश,
स्वदेशमा रोजगारी सिर्जना गर्ने छैन कुनै ठोस बजेट,
वैदेशिक रोजगारी बाट आएको रेमिटान्सले चलिरहेको छ देश,
लाखौ पैसा तिरि, ठुला सपना बोकेर गएको हुन्छ विदेश,
परिवारको माया,स्नेह साथी भाईको साथ छोडेर गएको हुन्छ विदेश,
विदेशबाट फर्किदा स्वासनी हुन्छ अर्कै सँग सेट,
धन्यवाद !

नामः-अमरजित महतो कोइरी
ठेगानाः-बटेश्वर गा.पा. वडा नं.-०१

।। सरस्वतीमाताको कृपा ।।

हामी बालकको सब दुख हर्छ
अज्ञानता हटाएर ज्ञानको ज्योति छर्छ
वागेश्वरी देवीलाई मनमा सजाउँछु म
उहाँकै पूजा अर्चनामा हराउँछु म
ज्ञान विज्ञानको सधैँ सोधखोज गरौँ साथी
शारदे देवीको सदैव कृपा रहोस् हामी माथि
शारदे देवीको सदैव कृपा रहोस् हामी माथि

पंकज कुमार दास
कक्षाः७
श्री रामनारायण अयोध्या मा.वि पिपरा

।। नेता लड्न पाए भैगो ।।

हाम्रो देशका नेतालाई लड्न पाए भैगो
जसरी नि कुर्सी माथि अड्न पाए भैगो
काग जति कराउंछ पिना सुक्दै जान्छ
महँगा र राम्रा वाहन चड्न पाए भैगो
जनताको के को वास्ता जे भएता पनि
दिन दिनै नगद मौज्दात बड्न पाए भैगो
बनाएर आठ दस ओटा गगनचुम्बी घर
चारै तिर चिल्ला पत्थर जड्न पाए भैगो
किन गर्नु सुधार यहाँ शैक्षिक क्षेत्रलाई
आफ्ना सन्तान बिदेशमा पढ्न पाए भैगो

लेखक;धिरज ठाकुर
ठेगाना ; पिपरा-६ रतौली (रतनपुर)

।। म बहुला ।।

हेर्दै छ सबले लुकेको पागलपन , जुन म भित्र छ
थाहा नभएको होइन , सारा ले नै पागल नाम दिएछ
यो कथाको पुरानै पात्र छु , संसारको नजरले नौलो भन्दैछ
खै कसरी आफूलाई बहुलाको संसारमा हराइ दिएको
आफूलाई अझ सम्म पनि थाहा छैन ।।
मायामा धोका अनि विछोडको गहिरो चोटले प्रेमीहरू
दिमागले नभई , मनबाट बहुलापनको रोगी रहन्छ
अनि मेरो जीवनग्रन्थ को हर एक पाना पानाहरूमा
समाएर यौटा लक्ष , पागल झैं यात्रा गर्दै सबले भेट्छ ।।
उसको अर्को आगमन पछि पनि म मुस्कुराउन थाल्छु
जसले लुटेर गयो , एकछिनमै यो जिन्दगी र जवानीलाई
तिम्रो मायाबाट पाएको अन्तिम बेहुला कोसेलीले
कसैबाट धिक्कार आयो , कतै मायाको अतीत रचे यो
कहानीलाई ।।
यो माया भन्दाबढी थाहा भएको भए मलाई
कसरी म बहुला बन्थे र ?
तिमी भन्दा बढी कसैलाई जान्ने भएको भए मैले
किन अर्को जुनी सम्म पनि पर्खन्थे र ।।

नाम : नरेन्द्र नाथ साह (रिसु)
ठेगाना : औरहि गा. पा. - ०३ कपटौल
अध्यनरत : मोडल मल्टिपल कलेज जनकपुर
(बाणिज्य संकाई विद्यार्थी)

।। समय को महत्व ।।

समयको महत्व, जीवनको सार,
हर पललाई चिनौं, हाम्रा आधार।
सुन्दर बिहान, उदीयमान सुर्य,
समयको बानीले ल्याउँछ खुशी र प्रसन्नता।
गयो जो क्षण, फर्किन्न कहिल्यै,
समयको सम्मान गरौं, सम्झौं सधैं।
परिश्रम र मेहनत, समयसँगै सँगै,
सपना पूरा हुन्छ, यदि समयसँगै।
समयको प्रभु, न त कुनै राजा,
सबैको लागि एक समान, समयको माया।
समयको उपयोग, सफलताको मार्ग,
अल्छ्याईले ल्याउँछ, दुःख र भार।
समयलाई चिन्नु, बुद्धिमानीको चिन्ह,
समयको सही सदुपयोग, लक्ष्यको सुरुआत।
समयको धारा, नरोकिने कुनै नदी,
समयलाई सम्हाल, बाँच खुशी।
जीवनको हरेक क्षण, हो अमूल्य रत्न,
समयको महत्त्व, बुझौं सबै यत्न।
समयको महिमा, अति नै महान,
समयको सम्मान गरौं, बाँचौं आनन्द

लेखक:रश्मी दनुवार
कानेपोखरी, मोरङ्ग, नेपाल

।। किसान ।।

किसान नै हाम्रो सान हो
किसान नै हाम्रो पहिचान हो।
किसानकै मेहेनेतले चल्छ जीवन
किसान नै हाम्रो अभिमान हो।
किसानले उब्जाउँछ अन्न
अन्न विना व्यर्थ छ धन
अन्न उब्जाइ गर्छ सधैँ राम्रो काम
त्यसैले छ किसान महान
त्यसैले छ किसान महान!!

नाम: दुर्गेश झा
राम नारायण अयोध्या मा.वि पिपरा
कक्षा-८

।। पर्खाइ ।।

कुनै दिन त तिमी आउछौ होला नि फर्केर मो त्यही कुरी रा छु।
आफूलाई भुली हावा सँगै उडिराछु।
हाम्रो मिलन को कल्पनामा आफ्नो मन लाई खुसि बनाको छु।
मो को हो बिर्सी तिमीमा नै भुली रा छु।
आफ्नो ठाउँ छोडी अन्तै सरी रा छु मो तिम्रो पर्खाइ मा मारी मारी
कुरी रा छु यो दिन कति ठूलो र कति सारो भा छ ।
तिम्रो याद मा दिन कटाउन अति नै गाह्रो भाछ अन्धविश्वासको
दुनियाँ तिम्रो मा नै भर परी रा छु। हाम्रो मिलन को दिन कुरी
खुसि भै रा छु ।

लेखन रोहन भुजेल
जनकपुरधाम -७

।। पर्यावरण बचाऔ ।।

कहिले काहीं पानी पर्छ ।
कहिले हुन्छ खडेरी ।।
बाली नाली नष्ट हुन्छ ।
कस्तो छ यो कोसेली ।।
कतै कतै पनि पर्छ ।
यति फालम फाल ।।
बाली नाली सब बगाउँछ ।
किसानहरू हुन्छ बेहाल ।।
वन हामी काटिदै गयौ ,नचाहिने जति ।
पर्यावरणमा यसले पुर्यायो ठूलो क्षति ।।
प्रकृतिमा हलचल पुगयो ,बढ्न थल्यो प्रकोप ।
विभिन्न प्रकारको जिवजन्तुमा आयो मृत्युको खोफ ।।
कहिले आन्धी, कहिले हुरी।
कहिले आयो भुकम्प ।।
गरायो नसोचेको जति क्षती ।
महामारीको थियो सनकल्प ।।
फोहर मैलो हामी फल्छौ।
पर्यावरणलाई दिन्छौ दोष ।
सबै कर्म आफू गरि ,कति दिने हो अरुलाई बोझ ।।
हामी मानव नै प्रदुषन बदाउछौ ।
श्रापिन्छौ आफनो धर्ती ।।
राम्रो कर्म गरि धर्ती सुन्दर बनाउछौ ।
यहि हो मात्र अन्तिम अर्ती ।।

लेखक अनित कुमार

।। वचन ।।

समसान कि भुमि मुझे मिलेगि
ये मुझे निश्चित हे
ये धर्ति न तेरा हे न मेरा हे
बस नाम का झमेला हे
ये कागज के टुकडो ने जला दिया
सबका इमान जुबानका ठिकाना नहि
कागज का नोट हो गया मानवका धर्म
धर्ति पर जमिन नसिब हो न हो
माता पिता का प्यार हमे अद्वत्य हे
बाल गोपाल पले बडे होएं सभिका
ये कबुल हे मुझे मेरा घरवाले सुनिश्चित हे
घरवाले मुझे भुल जाएगि शायद मगर
समाज आ दुनिया मुझे याद करेगि ये निश्चित हे
राजा रानी रहे नरहे देश मेरा हमेसा स्वतन्त्र रहेगा
यह मेरा कठोर तपस्या हे
जिवन के दिन चार युहिं गुजर जाएंगे
मिल जाएगा हमे सभिका प्यार ये अब मेरा दृढ संकल्प हे
न बिगाडेंगे किसिका न कुछ बिगडेगा मेरा
यह मुझे अवलम्वन हे
प्यार न सहि कोइ मेरा तिरस्कार नहि करेगा
ये मुझे प्रतित हे
गौतम बुद्ध भि आएँ बाबा डा.भिम भि मेरा
दिलमे समाए यहि मेरा ख्वाब अनमोल हे
जिवन सार्थक बने सभिका
यही मेरा सत्य वचन हे
हिन्दू मुस्लिम बोद्ध सिख इसाइ
सभि मिलकर बनाएंगे खिलखिलाता
जगमगाता समाज यहि मेरा ख्वाइस हे
सभि नामका सराहना पुजा करेंगे
दिलमे राम अल्लाह आमेन मिलकर बोलेंगे
बस जाएंगे सभिके दिलमे
यहि रहे सबका वचन प्रिय
यहि जमाने का प्रित हो
यहि मेरा वचन अनमोल हो

प्रमोद राम
जनकपुर धाम ९

।। मेरो देश नेपाल ।।

मेरो देश नेपाल, सुन्दर र महान,
सगरमाथाको शिखर, हिमालको शान।
फूलै फूलको बगैंचा, हरीयाली भूमि,
हिमाल, पहाड, तराई, तीनैको सुगन्ध मीठो चुमी।
जनताको माया, एकताको धरोहर,
सांस्कृतिक विविधता, आनन्दको स्वर।
गौतम बुद्धको भूमि, शान्तिको प्रतिक,
सगरमाथाको उचाइ, गौरवको बाटो हिँडिक।
अर्घाखाँचीको हरियाली, पोखराको ताल,
चन्द्रागिरीको चुचुरो, मनको उचाल।
मेरो देश नेपाल, मेरो सानो संसार,
धेरै माया र सम्मान, हरेक नेपालीले प्यार।
प्रकृतिको सौन्दर्य, रीतिरिवाजको साज,
मेरो देश नेपाल, सधैं रहोस् आज।

लेखक विवेक साह
जनकपुरधाम ४ डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (५ सेमेस्टर)

।। मेरो आत्मवृत्तान्त ।।

कहिले काहिँ लाग्छ मलाई
एकान्तमा गएर कलेजो फाडेर
धेरै जोर जोरले चिच्याउँ...
चिच्याइ चिच्याइ आत्महत्या
गरिलिउँ...।
फेरी, याद आउछ हृदुयको पानामा
मैले लेखेको त्यो सङ्कल्प -
" म रुन होइन सधैँ हास्न चाहन्छु
म मर्न होइन सधैँ बाच्न चाहन्छु ।"
बिना पुस्तक र पाठशालाको
जिन्दगीको परिस्थितिले
यथार्थ शब्द सिकाउदैछ
बिना कापी कलम र मसिको
आँसु रक्त र पसिनाले
मेरो आत्मवृतान्त लेखाउदैछ ।
सपनाहरूसँग जिम्मेवारी बोकेर
दुखपीडाका पर्वतहरू चढ्दैछु
अथकित अविचलित भएर
आफ्नो कर्तव्यपथतर्फ बढ्दैछु ।
बुवा घाममा तन जलाउनुहुन्छ
आमा चुल्होमा हात पकाउनुहुन्छ
स्वयं नखाई मलाई खुवाउनुहुन्छ
हासिहासि आँसु लुकाउनुहुन्छ ।
हरेकबर्ष बर्षायाममा जब
घरको खपडा अलपत्र चुह्दा
जसरी भाँडाकुडाले छेक्छु
त्यसतै आमाबुबाका आँखाका
ती आँसुका यत्रतत्र धाराहरू
स्वयम् हातले छेक्न चाहन्छु
पीडाले पोलेको पाउलाई
पुष्प र आँसुले सेक्न चाहन्छु ।
जसरी जुत्ता किन्न सहर जादा
पसलको द्वारमै खुट्टा रोकिन्छ
त्यसरी सपनाको बजार जादा
महङ्गाइ सुनेपछि निद टुटिन्छ ।
जसरी चपलको फिता टुट्दा
पीन काँटीले उपयुक्त बनाउछु
त्यसरी हौसला र साहस टुट्दा
विश्वासले पद अग्रपथ बढाउछु ।
जसरी बिग्रेको घडी हातमा
सुहाउँदोको निम्ति लगाउछु
त्यसरी बिग्रेको परिस्थितिमा
मुखारमा झुठो मुस्कान बनाउछु ।
जसरी पाँच तारे होटलतिर
नजर फर्कदा जिब्रो छट्पटाउदा
गोजी ठम्याएपछि भुख भाग्छ
त्यसरी मेरो इच्छा आकाङ्क्षाहरू
जरुरी के? बुझेपछि सबै भाग्छ ।
मानसिक क्रुर युद्धमा मरेपछि
हिजो मेरो पुनर्जन्म भएको छ
फेरी आज आर्थिक, समाजिक,
शारीरिक र संवेगात्मक युद्धले
चुनौती दिन पछि परेको छ ।
तैपनि सफलता निम्ति आफूलाई
मिहिनेतको हवनमा आहुति दिदैछु
असफलतामा सहानुभूति दिदैछु
निरन्तर प्रयासमा अनुभूति लिदैछु
स्वास स्वासमा स्फूर्ति लिदैछु ।

लेखकः आर. एन. मण्डल
ठेगानाः लक्ष्मीनियाँ गा.पा.-१, सिनुरजोडा,
धनुषा, नेपाल

।। प्रमाणिकता ।।

प्रआत्माको यो सुन्दर संसारमा जुन हातले खाना खुआको त्यो
हातलाई काटने गरिन्छ
जुन रुखले छाया दियको त्यो रुखलाई काटने गरिन्छ
जुन दिपले प्रकाश दिए त्यो दिपलाई निभाउने गरिन्छ
जुन खुटाले हिडन सिकाको त्यो खुटालाई चोटदिने गरिन्छ
जुन जिवन आरंमभ भको त्यो जिवनलाई मिटाउने गरिन्छ
मिठो भनरे तितो खुआउने मान्छे को बानि
यो संसार मा थुपरइ हो !
प्रमाणिकताको यो संसारमा कागजको नोटमा भोट गरिन्छ
हितको नाममा अहित गरिन्छ धर्मको नाममा अधर्म
गरिन्छ यो संसारमा कर्ममा होईन भाग्यमा विश्वास गरिन्छ !
यहाँ शिक्षा स्वास्थ्य को नाममा व्यपार गरिन्छ मानवता को हानि
गर्न बानि वासालिन्छ !
वासबिकताको यो संसारमा शान्तिलाई हनन गरि अशान्ति
फेलाईन्छ स्वँग जस्तो यो संसारलाई नरख बनाउने गरिन्छ
यहाँ कोई कसई को खास होईन यहाँ सबैको मनमा पाप लालच
घिरना बासालिन्छ !

लेखक मनिष नायक(सोनु)
ठेगाना जनकपुर ११ कुर्था

‘निजामती विधेयक संसद्को चालु अधिवेशनबाटै पारित गर्ने तयारी’

काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले सङ्घीय निजामती सेवा विधेयक संसद्को चालु अधिवेशनबाट पारित गर्ने तयारी भइरहेको बताउनुभएको छ ।

मन्त्रालयको नेतृत्व लिएपछि भए/गरेका मुख्य उपलब्धिबारे शुक्रबार जानकारी दिँदै मन्त्री जोशीले तीन तहकै कर्मचारी व्यवस्थापनमा छाता ऐनका रुपमा रहने प्रस्तुत विधेयक यसै अधिवेशनबाट स्वीकृत गर्न समिति र राजनीतिक दलसँगको संवादलाई घनिभूत तुल्याइएको बताउनुभयो । उहाँले निजामती विधेयक सबैको चासो र चिन्ताको विषय भएकाले राजनीतिक दलबीच गहन छलफल गरी चालु अधिवेशनबाट पारित गर्न मन्त्रालय प्रतिबद्ध छ भन्नुभयो ।

सङ्घीय मामिलामा गर्नुपर्ने कार्य जिम्मेवारीमा आशातीत उपलब्धि हासिल गर्न नसकेको स्वीकार्दै मन्त्री जोशीले भन्नुभयो, “तीन तहका सरकारबीच आवश्यक समन्वय छैन, एक-अर्काप्रति असन्तुष्टि मात्र देखिन्छ ।” उहाँले विकासको मेरुदण्डका रुपमा रहेका स्थानीय तहलाई बलियो तुल्याउन शासकीय क्षमता पूर्वाधार निर्माण र संस्थागत क्षमता विकास कार्यक्रम सञ्चालन दस्तावेज तयार भएको पनि जानकारी दिनुभयो ।

अस्थिर राजनीतिका कारण आउने दबाबले कर्मचारी व्यवस्थापनमा चुनौती सामना गर्नु परिरहेको उल्लेख गर्दै मन्त्री जोशीले सरकार परिवर्तनसँगै कर्मचारीको पनि फेरबदल भइरहेको स्वीकार्नुभयो । उहाँले भन्नुभयो, “राजनीतिक आग्रह र पूर्वाग्रहका कारण कतिपय स्थानीय तहमा पठाइएका कर्मचारी दलबलसहित मात्र हाजिर गर्न जानु परेका घटना छन् ।”

जनप्रतिनिधि र कर्मचारीबीच बुझाइ समानता तथा कार्यगत एकता नहुँदा कतिपय स्थानीय तहमा कार्यकारी खटाउन नसकिएको जिकिर गर्दै मन्त्री जोशीले अझै पनि दुई सय ३० भन्दा बढी स्थानीय तहमा निमित्त खटाउनु परेको जानकारी दिनुभयो । मीनभवनस्थित निजामती अस्पतालमा विभिन्न रोगको परीक्षण र निदानसम्बन्धी स्वास्थ्य उपकरणको प्रबन्ध मिलाउने कार्य भइरहेको उल्लेख गर्दै उहाँले छिमेकी मुलुकबाट पूर्वाधार निर्माण र वस्तुगत सहायतामार्फत प्राप्त हुने सहयोग कार्यक्रम अघि बढाइएको जानकारी दिनुभयो ।

मन्त्री जोशीले राजनीतिक अस्थिरताका कारण कानुन र आर्थिक अनुशासन विपरीतका घटना बढेकाले विधि प्रक्रिया र ऐनको पालना गरी कार्यजिम्मेवारी सम्हाल्न सम्पूर्ण कर्मचारीलाई निर्देशन दिनुभयो ।रासस

बजेट कार्यान्वयन योजना बनाउन सुरु

काठमाण्डु । अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको योजना बनाउने काम थालेको छ । अर्थमन्त्री वर्षमान पुनले आज मन्त्रालयका दुवै सचिव, महाशाखा प्रमुखहरु, भन्सार विभाग, आन्तरिक राजस्व विभागलगायतका उच्च अधिकारी बोलाएर कार्ययोजनाबारे प्रारम्भिक छलफल गरेको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ।

त्यस क्रममा अर्थमन्त्री पुनले कार्यान्वयन हुन सक्नेगरी वस्तुवादी योजना तयार पार्न निर्देशन दिनुभयो। “खर्च बढाउने गरी र कार्यान्वयन हुन सक्ने गरी वस्तुगत कार्ययोजना बनाऔँ । तोकिएको समयमा लक्ष्यअनुसार खर्च गर्ने र खर्च बढाउन सकियो भने त्यति नै बजार चलायमान हुने हो”, अर्थमन्त्री पुनले भन्नुभयो, “हामीले अहिले असारमा गरिरहेको खर्च छ महिनाअघि गर्न पाएको भए दुई/तीनपटक बजारमा ‘सर्कुलेट’ हुन्थ्यो । त्यसबाट राजस्व सङ्कलन र रोजगारी सृजना हुन्थ्यो । हामी परम्परागत नहोऔँ, समयमै काम गर्ने गरी योजना बनाऔँ।” बजेट कार्यान्वयनका लागि त्रैमासिक योजना बनाएर काम गर्न र दसैँ-तिहारजस्ता ठूला पर्वको बिदा ख्याल गरेर मात्र कार्ययोजना बनाउन अर्थमन्त्री पुनले निर्देशन दिनुभयो ।

उहाँले स्थानीय तहमा जाने समानीकरण अनुदानको रकम तत्काल निकासा गर्न निर्देशन दिनुभएको छ । “स्थानीय तह बजेट ल्याउने अन्तिम तयारीमा छन् । समानीकरणको बजेट भरसक शत्प्रतिशत पठाऔँ । नभए पनि अघिल्लो वर्षको भन्दा बढी जाने व्यवस्था मिलाऔँ”, उहाँले कर्मचारीलाई निर्देशन दिँदै भन्नुभयो । कर्मचारीलाई उच्च मनोबल र आँटका साथ काम गर्न निर्देशन दिनुहुँदै कानुनसम्मत काम गर्दा नडराउन भन्नुभयो । मन्त्री वा मन्त्रीभन्दा माथिल्लो ओहोदाका कसैले कानुनबाहिर गएर काम गर्न निर्देशन दिए त्यसको अवज्ञा गर्न उहाँको सुझाव थियो ।

आगामी आर्थिको वर्षको वित्त नीतिसँग तालमेल हुने गरी नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति ल्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो । “मानिसहरुले मौद्रिक नीतिले सार्वजनिक वित्त नीतिलाई सपोर्ट गर्छ कि गर्दैन भनेर अनावश्यक टिप्पणी गरिरहेको सुनिन्छ । विगतमा पनि त्यस्तो टिप्पणी हुने गरेका थिए”, मन्त्री पुनले भन्नुभयो, “राष्ट्र बैङ्क राज्यकै निकाय भएकाले वित्त नीतिभन्दा फरक हुँदैन भन्ने विश्वास छ । नीतिगत एकरुपता भएपछि अनावश्यक टिप्पणी र आशङ्का गर्ने ठाउँ हुँदैन । नतिजा राम्रै आउँछ ।” छलफलमा गभर्नर महाप्रसाद अधिकारी पनि सहभागी हुनुहुन्थ्यो ।रासस

हामी आफ्नो उद्देश्यमा अडिग र गन्तव्यमा स्पष्ट छौँ : सभापति लामिछाने

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफूहरु पार्टी स्थापनाको उद्देश्यमा अडिग र गन्तव्यमा स्पष्ट रहेको बताउनुभएको छ।

पार्टी स्थापनाको दोस्रो वर्ष पूरा भएका अवसरमा आफ्ना सामाजिक सञ्जालमार्फत शुभकामना सन्देश जारी गर्दै सभापति लामिछानेले पार्टीको वैचारिक स्पष्टतासँगै राजनीतिक परिपक्वता हासिल गरेर पार्टी स्थापनाको उद्देश्य पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभएको हो ।

उहाँले पार्टी स्थापनाको दुई वर्षको यात्रा चुनौतीविहीन नभए पनि संसद् र सरकारमार्फत सबैको ध्यानतान्न सफल भएको बताउनुभयो । “रास्वपा जन्मिएको दुई वर्ष भयो, हामी हाम्रो उद्देश्यमा अडिग छौँ, गन्तव्यमा स्पष्ट छौँ । कुरा बाटोको हो, बाटोमा त कहिले पहिरो जान्छ, कहिले ढुङ्गा खस्छ । आम नागरिक एवं रास्वपा परिवारका तमाम सदस्य, शुभचिन्तकको आशा र अपेक्षासहितका अग्लाअग्ला पहाड काँधमा बोकेर हामी अहिले भिरको बाटोमा सिस्नु समाउँदै हिँडिरहेका छौँ । २१ सांसदले एक वर्षमा सिङ्गो सदनको ध्यान तान्यौँ, चार मन्त्रीले सिङ्गो देशको ध्यान तान्दैछौँ”, सभापति लामिछानेले शुभकामना सन्देशमा उल्लेख गर्नुभएको छ ।

रास्वपाले स्थापना दिवसका अवसरमा शुक्रबार पार्टीको केन्द्रीय कार्यालय वनस्थली चःमतिमा चियापानको आयोजना गरेको छ । चियापान कार्यक्रमअघि पार्टी केन्द्रीय समितिको बैठक बसेको थियो । बैठकमा सदन, सरकारको सङ्क्षिप्त समीक्षा र शुभकामना आदानप्रदान भएको पार्टीका सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभयो ।

दिउँसो १ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने चियापान कार्यक्रममा विभिन्न दलका नेतासमेत सहभागी हुने उहाँले बताउनुभयो ।रासस

परिवर्तनका पक्षमा खुलेर बोल्न र लेख्न बुद्धिजीवीलाई प्रधानमन्त्रीको आग्रह

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गलत सूचना प्रवाह गरेर सर्वसाधारणलाई भ्रमित तुल्याउने र समाजमा नकारात्मक भाष्य सिर्जना गर्न खोज्नेले कहिल्यै पनि देश र जनतालाई माया नगर्ने बताउनुभएको छ।

नेपाल बुद्धिजीवी सङ्गठन छैटौँ राष्ट्रिय सम्मेलनको शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले सिर्जनात्मक र सकारात्मक सोचसहित जनतामा आशा प्रवाह गरेरमात्र समाजलाई सही दिशातर्फ लैजान सकिने बताउनुभयो। “सबै नेता उस्तै हुन्, यहाँ केही हुँदैन भन्ने भाष्य गलत हो, जसले नकारात्मक भाष्य बनाएका छन्, उनीहरूमा देश र जनताप्रति माया छैन र रहँदैन पनि”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “इतिहासमा योगदान गर्ने शक्तिहरूको पक्षमा सकारात्मक तवरले सन्देश प्रवाह हुनुपर्छ। सबै बुद्धिजीवीहरू परिवर्तनका पक्षमा खुलेर बोल्नुस् र डटेर लेख्नुहोस्, कुनै अप्ठ्यारो मान्नुपर्दैन।”

नेपालको राजनीतिक परिवर्तनमा बुद्धिजीवीको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले संसारभर जनतालाई कतापट्टि डोऱ्याउने भन्ने सवालमा बुद्धिजीवीको भूमिका निर्णायक हुने भएकाले त्यसतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, “क्रान्ति, शान्ति प्रक्रिया र संविधान निर्माणमा बुद्धिजीवीको योगदान छ। हिजो विचार निर्माण र सङ्गठन निर्माणमा बुद्धिजीवीको सक्रियता थियो, आज पनि उत्तिकै छ।”

क्रान्तिपछि भएका महत्वपूर्ण कामलाई नजरअन्दाज गरेर परिवर्तनविरोधी भाष्य निर्माण गर्न खोजिएको भन्दै प्रधानमन्त्री दाहालले त्यस्ता गतिविधिको खुलेर विरोध गर्ने र प्रतिवाद गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले बुद्धिजीवीको जिम्मेवारी समाजमा सकारात्मक भाष्य निर्माण गरेर आशाको सन्देश प्रवाह गर्नु रहेको बताउनुभयो।

बुद्धिजीवीले जनमतलाई समाजवादी दिशातर्फ डोऱ्याउन भूमिका खेल्नुपर्ने बताउँदै प्रधानमन्त्री दाहालले क्रान्तिका उपलब्धि जोगाउन र समाजवादको वैचारिक आधार तयार पार्न सबैले आ-आफ्ना क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्छ भन्नुभयो।

उहाँले बृहत्तर पार्टी एकताका निम्ति आफू लागिपरेको जानकारी दिँदै जतिसुकै अप्ठ्यारो परिस्थिति आए पनि समाजवादको आधार निर्माण गर्न आफू दृढ सङ्कल्पित भएर लागेको स्पष्ट पार्नुभयो ।प्रजातान्त्रिक विचार समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले शान्ति प्रक्रियाको हस्ताक्षरकर्तामध्येका एक नेता प्रधानमन्त्री रहनुभएको वर्तमान अवस्थामा सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन विशेष पहल लिनुपर्ने सुझाव दिनुभयो।

आन्तरिक कमजोरीका बाबजुत नेपाली कांग्रेस ऐतिहासिक र सैद्धान्तिकरुपमा प्रजातान्त्रिक संस्था रहेको उल्लेख गर्दै वाग्लेले मुलुकमा भरपर्दो अर्को प्रजातान्त्रिक संस्थाको आवश्यकता औँल्याउनुभयो । “यो मुलुकमा प्रजातान्त्रिक संस्थाको नाम र कामका हिसाबले आवश्यक छ, अहिलेको सन्दर्भमा त्यो आवश्यकता कसैले सम्बोधन गर्नसक्छ भने त्यो वर्तमान प्रधानमन्त्री नै हो”, उहाँले भन्नुभयो।

सङ्गठनका पूर्वअध्यक्ष नरेश भण्डारीले जनतामा अग्रगामी चेतनाको बिज रोप्न बुद्धिजीवीको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै राजनीतिक परिवर्तनमा बुद्धिजीवी सङ्गठनले निर्वाह गरेको भूमिका अविस्मरणीय रहेको बताउनुभयो। कार्यक्रममा प्रधानमन्त्री दाहालले बुद्धिजीवी सङ्गठनका पूर्वअध्यक्ष भण्डारी तथा सङ्गठनका पूर्वअध्यक्ष एवं फ्रयाक्सन इञ्चार्ज डा खिमलाल देवकोटालाई सम्मान गर्नुभएको थियो ।रासस

रास्वपाको स्थापना दिवसमा प्रधानमन्त्रीलगायत शीर्ष नेता सहभागी

राष्ट्रिय स्वतन्त्र पार्टी
कार्यालय

काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को दोस्रो वार्षिकोत्सवका अवसरमा शुक्रबार चियापान समारोहमा सहभागी हुनुभएको छ।

रास्वपाको केन्द्रीय कार्यालय वनस्थली, चमतिमा आयोजित चियापान समारोहमा सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र उपसभामुख इन्दिरा राना उपस्थित हुनुहुन्थ्यो ।

चियापान समारोहमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराई पनि सहभागी हुनुहुन्थ्यो। यस्तै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत पार्टीका अध्यक्ष डा सीके राउतलगायत विभिन्न दलका नेता तथा मन्त्री पनि समारोहमा सहभागी हुनुहुन्थ्यो।

सो अवसरमा रास्वपा सभापति तथा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले पाहुना तथा आगन्तुकलाई स्वागत गर्नुभएको थियो । उहाँले सञ्चारकर्मीहरुलाई प्रतिक्रिया दिँदै जनअपेक्षाअनुसार काम गर्न रास्वपा प्रयासरत रहेको बताउनुभयो।

“सरकार चलाउने आधारहरु अहिले बनेका छन् । आमनागरिकको अपेक्षा ठूलो छ। ती अपेक्षा परिपूर्ति गर्न हामीलाई ठूलो चुनौती छ। हामी प्रयासरत छौँ”, सभापति लामिछानेले भन्नुभयो ।रास्वपा प्रतिनिधिसभामा २१ सांसदसहित सङ्घीय संसद्को चौथो ठूलो पार्टी हो। रास्वपाको स्थापना २०७९ असार ७ गते भएको हो ।रासस

प्रतिपक्षी दलको विरोधपछि लुम्बिनी प्रदेशसभाको बैठक स्थगन

लुम्बिनी। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको विरोधका कारण लुम्बिनी प्रदेशसभाको आजको बैठक स्थगन भएको छ। प्रदेशसभाको शुक्रबार अपराह्न १ बजे बसेको बैठकमा नेपाली कांग्रेसका सांसदहरूले विरोध जनाएपछि बैठक केही समयका लागि स्थगन गरिएको थियो।

त्यसलगत्तै सभामुख तुलाराम घर्तीले प्रतिपक्षी दलसँग छलफल गर्दा सहमति जुट्न नसकेपछि प्रदेशसभा सचिवालयले शुक्रबारको अर्को बैठक बस्न नसक्ने सूचना जारी गरी आइतबार बिहान ८ बजे बस्ने जानकारी दिएको छ। प्रदेशसभामा सरकारका तर्फबाट असार १ गते ल्याइएको आर्थिक वर्ष २०८१/८२ को बजेटमाथि बिहीबारदेखि छलफल सुरु भएको थियो। बजेटमाथिको छलफलका क्रममा आजको बैठक सुरु हुने बित्तिकै नेपाली कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले सरकारले जनतामैत्री र सङ्घीयता विरोधी बजेट ल्याएको धारणा राख्नुभएको थियो।

नेता चौधरीले धारणा राखिसकेपछि कांग्रेसले सदन अवरुद्ध गरेको हो। दलका नेता बोलिसकेपछि कांग्रेसका सदस्यहरुले उठेर विरोध जनाएका थिए। नेता चौधरीले सरकारले कृषिमा कर लगाएको, चालु आर्थिक वर्षभन्दा रु ५७ करोड बजेट घटाएको, किसानमैत्री बजेट नल्याएको आरोप लगाउनुभयो। उहाँले आमजनतालाई मलबीउ पुऱ्याउन नसक्ने तर औचित्यहीन क्षेत्रमा रकम खर्चने बजेट मान्य नहुने बताउनुभयो।

उहाँले प्रस्तुत बजेटले पर्यटन क्षेत्रलाईसमेत धरापमा पारेको बताउँदै विगतको सरकारले स्थानीय जनजातिहरूको आयआर्जनका लागि लिएको मदिराको नीति अहिले काटिएकामा विरोध जनाउनुभयो ।रासस

खनिजजन्य पदार्थ उत्खननबारे स्पष्ट कानुनी व्यवस्था गर्न निर्देशन

काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले खानी तथा खनिज पदार्थको उत्खननका सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको छ।

खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को व्यवस्थामा परिमार्जन तथा संशोधन गरी समयानुकूल बनाउन समितिले निर्देशन दिएको हो। शुक्रबारको बैठकमा नेपाल सिमेन्ट उत्पादक सङ्घबाट प्राप्त निवेदनका सन्दर्भमा छलफल गरी उक्त निर्णय गरेको समितिका सभापति अब्दुल खानले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “उक्त व्यवस्थाबाट स्वदेशी सिमेन्ट उद्योगहरूलाई नियमित एवं सुचारू रूपले सञ्चालन गर्न नसकिने गरी जारी भएको सूचनाबाट उद्योग बन्द हुने अवस्थामा रहेकोतर्फ समितिको गम्भीर ध्यानाकर्षण भएको छ।”खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ को (ङ) मा खनिज पदार्थ भण्डारण गर्ने र जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरू राख्नुपर्ने व्यवस्था छ। तर खानीस्थलबाट उत्खनन भएको खनिज पदार्थ यकिन गर्न तौलपुल मात्र प्रयोग गर्नुपर्ने व्याख्या भएको सिमेन्ट उत्पादक व्यवसायीहरुको भनाइ थियो।

हाललाई उद्योग स्थलमै रहेको तौलपुल प्रयोग गरी उत्खनित खनिजको परिमाण मापन गर्ने गरी ६ महिनाको अवधि थप गर्न र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ यथाशिघ्र संशोधन गरी खानी तथा खनिज पदार्थको उत्खननका सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गर्न खानी तथा खनिज पदार्थ नियमावली, २०५६ मन्त्रालयलाई निर्देशन दिएको समितिका सभापति खानले जानकारी दिनुभयो।

बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निर्यात गर्नेमा सिमेन्ट उद्योग नै अगाडि रहेको उल्लेख गर्दै ऐनलाई चाँडो संशोधन गर्न काम गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, “समय सापेक्ष नीतिगत सुधार गर्न आवश्यक छ। नियमावली संशोधन गर्ने र ऐनको मस्यौदा तयारको काम भइरहेको छ। उहाँहरुले उठाएका माग सम्बोधन हुनेछन्।”नेपाल सिमेन्ट उत्पादक सङ्घका उपाध्यक्ष डा ई ताराप्रसाद पोखरलेले खानी क्षेत्रमा विद्युत्को उचित प्रबन्ध नहुने, खनिजपदार्थ उत्खनन गर्ने स्थान दुर्गम र पहाडमा हुनाले पूर्वाधार निर्माणमा कठिनाइ भएकाले उद्योगस्थलमा रहेको तौलपुल नै प्रयोग गरी उत्खनित खनिजको परिमाण मापन गर्न पाउने व्यवस्था गर्न आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, “यस सम्बन्धी स्पष्ट निर्णय नहुँदा खनिज पदार्थ उत्खनन कार्य रोकिएकाले उद्योग नै बन्द गर्नुपरेको छ । त्यसमाथि माग र आपूर्तिबीच अन्तर हुँदा ऋण तिर्न सकेका छैनौँ । लागत मूल्यभन्दा पनि कममा बेच्नुपरेको छ।”रासस

नेकपा एस महाधिवेशनः

विशिष्ट नेताको सुरक्षा जिम्मेवारी राजनीतिक कमिटीलाई

Communist Party of Nepal (Unified Socialist)

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले आसन्न राष्ट्रिय महाधिवेशनस्थल तथा विशिष्ट व्यक्तिको सुरक्षा जिम्मेवारी राजनीतिक तथा सुरक्षा समन्वय कमिटीलाई दिएको छ।

सो कमिटीलाई महाधिवेशनस्थलमा आउने सबै प्रतिनिधि, शुभकामना दिन आउने विभिन्न पार्टीका नेता, पर्यवेक्षकलगायत विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापनको जिम्मेवारी तोकिएको पोलिटब्यूरो सदस्य दिलु पन्तले जानकारी दिनुभयो।

पार्टी उपाध्यक्ष राजेन्द्र पाण्डेको नेतृत्वमा गठित १६ सदस्यीय कमिटीलाई पूर्णता दिइएको छ । कमिटीको सहसंयोजकमा जयन्ती राई, सचिवमा कृष्णराज पन्त हुनुहुन्छ ।कमिटीको सदस्यमा जगनाथ खतिवडा, जीवनराम श्रेष्ठ, कल्याणी खड्का, विरोध खतिवडा, भानुभक्त जोशी, अमरबहादुर थापा, उदयबहादुर बोहोरा, राजेन्द्रलक्ष्मी गैरे, शर्मिला पौडेल, विनोद मैनाली, वसन्त बस्नेत, हरिप्रसाद शर्मा र सविता अर्याल हुनुहुन्छ।

यही असार १६ देखि २० गतेसम्म नेपाल प्रज्ञाप्रतिष्ठानमा हुने महाधिवेशनले पार्टीको भावी नीति तथा कार्यक्रम घोषणाका साथै नयाँ नेतृत्व चयन गर्नेछ । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट छुट्टिएको पार्टीले आसन्न महाधिवेशनलाई १०औँ राष्ट्रिय महाधिवेशन भनेको छ।

आफूलाई २००६ सालमा कोलकातामा स्थापना भएको कम्युनिष्ट पार्टीको उत्तराधिकारी मानेको एकीकृत समाजवादीले हालसम्म सम्पन्न भएका नौवटा महाधिवेशनको स्वामित्व लिँदै आगामी महाधिवेशनलाई १० औँ मानेको तर्क गरेको छ ।रासस

रूसी नेता पुटिन थप शक्तिशाली कि कमजोर ?

एएफपी

वार्सा ।रूसी अर्धसैनिक बलका प्रमुख येभगेनी प्रिगोजिनले गत वर्ष आफ्ना वाग्नर भाडाका सैनिकलाई मस्कोतर्फ पठाएपछि राष्ट्रपति भ्लादिमिर पुटिन कमजोर भएको रूसी विश्लेषकले बताएका थिए। तर एक शताब्दीको लगभग एक चौथाई आफ्नो सत्तालाई सबैभन्दा गम्भीर चुनौती दिएको एक वर्ष नबित्दै नेता पुटिन अहिले पहिलेभन्दा बढी सुरक्षित देखिनुभएको छ।

विद्रोहको दुई महिनापछि विमान दुर्घटनामा प्रिगोजिनको मृत्यु भएको थियो । विद्रोहबाट प्रोगोजिनका वाग्नर लडाकूले दक्षिणी शहर रोस्तोभ-अन-डोनमा रूसको सेनाको मुख्यालय कब्जा गरेका थिए । उनीहरूले सैन्य विमानलाई गोली हाने र बेलारुसले २४ घण्टे विद्रोह अन्त्य गर्ने सम्झौतामा मध्यस्थता गर्नु अघि राजधानी मस्कोतर्फको आधा बाटोमा पुगेका थिए । त्यसपछि पुटिनले एउटा नयाँ नियम लागू गर्दै कसैलाई पनि फेरि उही स्तरको स्वायत्तताको अनुमति नदिइने घोषणा गर्नुभएको थियो।

"प्रिगोजिनको उदय हुनुअघिसम्म हामीसँग कुनै पनि मुद्दा थिएन । एक बलियो सैन्य एकाइका कमान्डरसँग एकै समयमा आर्थिक, राजनीतिक र सञ्चार स्रोतहरू थिए," अन्तर्राष्ट्रिय मामिलासम्बन्धी थिङ्क ट्याङ्क (चाथम हाउस) का सदस्य निकोलाई पेट्रोभले भन्नुभयो। वाग्नरको जनशक्तिको आवश्यकता देखेर पुटिनले प्रिगोजिनलाई दिइएका सबै स्वायत्तताका लागि दिनुभएको थियो । यो उनीहरूको घनिष्ठ व्यक्तिगत सम्बन्धको कारण मात्र होइन तर युक्रेनमा रूसको जमिनी आक्रमणले गति गुमाउँदै थियो र उनलाई वाग्नरको जनशक्तिको आवश्यकता थियो।

पेत्रोभले भन्नुभयो, "यो एक महङ्गो तथा त्रुटिपूर्ण निर्णय थियो र त्यसपछि पुटिनले स्रोतको बाँडफाँड गर्दा नियन्त्रण र वफादारीलाई प्राथमिकता दिनुभएको छ। पुटिनविरूद्ध कोही पनि विश्वासघाती नभएको भने होइन, ७१ वर्षीय पुटिनले 'रूसी राजनीतिमा सबैभन्दा महत्वपूर्ण खेलाडीमाथि प्रत्यक्ष र निरन्तर नियन्त्रण' चाहनुभएको छ।

> विडम्बनाको कुरा, नेता पुटिनले हालैका हप्ताहरुमा देशको सैन्य प्रतिष्ठानमा व्यापक परिवर्तन गर्न आदेश दिनुभएको छ । यो प्रिगोजिनको विद्रोह पूर्वको मागहरुमध्ये एक थियो ।रक्षामन्त्री सर्गेई शोइगुलाई पदबाट हटाइएको छ भने भ्रष्टाचारको आरोपमा कैयौं वरिष्ठ सैनिक अधिकारीलाई पक्राउ गरिएको छ ।

विडम्बनाको कुरा, नेता पुटिनले हालैका हप्ताहरूमा देशको सैन्य प्रतिष्ठानमा व्यापक परिवर्तन गर्न आदेश दिनुभएको छ। यो प्रिगोजिनको विद्रोह पूर्वको मागहरूमध्ये एक थियो ।रक्षामन्त्री सर्गेई शोइगुलाई पदबाट हटाइएको छ भने भ्रष्टाचारको आरोपमा कैयौं वरिष्ठ सैनिक अधिकारीलाई पक्राउ गरिएको छ ।पुटिनले प्राविधिक अर्थशास्त्री तथा एक सैन्य शक्तिशाली व्यक्ति आन्द्रेई बेलोसोभलाई आफ्नो नयाँ रक्षा प्रमुखको रूपमा नियुक्त गर्नुभएको छ। पेट्रोभका अनुसार फेरि कुनै पनि प्रभावशाली नेतालाई बेवास्ता गरे यसले सेनाको हितलाई बढावा दिन सक्छ।

प्रिगोजिनले व्यापक भ्रष्टाचार, रणनीतिक अयोग्यता र युक्रेन आक्रमणलाई विफल पारेको आरोप लगाएपछि पुटिनले आफ्ना रक्षा प्रमुखहरूलाई समर्थन गर्नुभएको एक वर्षअघिको तुलनामा यो फेरबदलले परिवर्तनलाई चिह्नित गरेको छ । पुटिनले यो फेरबदल राजनीतिक दबाबका कारण नभई आवश्यकताका कारण दिनुभएको थियो । "उहाँले यी कदम चाल्न र वरिष्ठ सैन्य व्यक्तित्वको हित र जीविकोपार्जनलाई चुनौती दिन सक्षम हुनु उहाँको कमजोरीभन्दा पनि शक्तिको प्रतीक हो," इन्टर नेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिज रसिया एण्ड युरेसियाका बरिष्ठ सदस्य नाइजेल गोल्ड डेभिसले भन्नुभयो।

– 'प्रभुत्व' –

नेता पुटिनले गत मार्चमा भएको राष्ट्रपतीय चुनावमा ८७ प्रतिशत भारी मतले विजय हासिल गरेर आफ्नो शक्ति प्रदर्शन गर्नुभएको थियो।

यो मतदानले पुटिनले आफूले चाहेको कुनै पनि कुरा कोर्न सक्ने र जनतालाई त्यसलाई स्वीकार गर्न बाध्य पार्न सक्ने देखाएको गोल्ड डेभिसले बताउनुभयो। "यो उनको प्रभुत्व र शक्तिको अभिव्यक्ति हो कि उनी यसबाट भाग्न सक्दछन्, आधिकारिक, प्रकाशित परिणामको सट्टा कुनै पनि तरिकामा वास्तविक समर्थन प्रतिबिम्बित गर्दछ," उहाँले भन्नुभयो।

पेत्रोभका अनुसार पुटिनले 'सकेसम्म धेरै मत प्राप्त गरेको पुष्टि गर्न रुचाउनुहुन्छ । पुटिनको विशाल बहुमत पनि सुनियोजित थियो । परिणाम 'सांकेतिक' थियो। उहाँले आफ्नो लोकप्रियता 'युद्ध अघिको भन्दा धेरै उच्च छ' भनेर देखाउनुपरेको पेत्रोभले एएफपीसँग बताउनुभयो। पुटिनका एक मात्र वास्तविक राजनीतिक प्रतिद्वन्द्वी एलेक्सी नाभाल्नीको गत फेब्रुअरीमा आर्कटिक जेलमा १९ वर्षको जेल सजाय काटिरहेका बेला निधन भएको थियो।

गोल्ड डेभिसले भन्नुभयो, "अन्य दमनकारी उपाय र अन्य व्यक्तिमाथि लगाइएका अनुकरणीय जेल सजायसँगै नेता पुटिनले अहिले जनसर्¸याको ठूलो हिस्सालाई तर्साउनुभएको छ।"

उहाँले भन्नुभयो, यसको अर्थ क्रेमलिनको समर्थन गहिरो छ भन्ने हुँदै होइन।"सन् २०२३ को जुन २३ देखि २४ सम्म भएको विद्रोहका क्रममा पूर्व राष्ट्रपति दिमित्री मेदभेदेवले रूसको आणविक शस्त्रागार 'डाकुहरू'को हातमा पर्न नदिन चेतावनी दिनुभएको थियो र अन्य क्षेत्रीय अधिकारीहरूले शान्त रहन आग्रह गर्दै कडा वक्तव्य जारी गरेका थिए तर पुटिनको पक्षमा व्यापक विरोध वा सार्वजनिक रूपमा समर्थन गरिएको थिएन।

दक्षिणी शहर रोस्तोभ-अन-डनका तस्वीरहरूमा विद्रोहको बीचमा प्रिगोजिन र उनका वाग्नर पुरुषहरूसँग मुस्कुराइरहेका, जयजयकार गरिरहेका र सेल्फी लिइरहेका देखिन्छन्।

"विद्रोहप्रति लोकप्रिय र सम्भ्रान्त दुवै प्रतिक्रियाले पुटिन वा युद्धका लागि थोरै प्रामाणिक उत्साह रहेको देखाएको छ," गोल्ड डेभिसले भन्नुभयो, "अधिकांश रूसी नागरिक बरू आफ्नो टाउको झुकाउने तर पुटिनको विरोधमा नआउने चाहना राख्छन् । यो उनीहरूको युद्ध र शासनसँग आफुहरूलाई नजोड्ने इच्छा हो।"

अष्ट्रेलियाले बङ्गलादेशलाई हरायो

काठमाण्डु । आइसिसी टि-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर आठको खेलमा अष्ट्रेलियाले बङ्गलादेशलाई २८ रनले पराजित गर्दै विजयी भएको छ । नर्थ साउन्डमा भएको उक्त खेल पानी परेर खेल अवरुद्ध भएपछि डकवर्थ एण्ड लुइस (डिएलएस) पद्धतिका आधारमा अष्ट्रेलिया विजयी भएको हो। टस हारेर पहिले ब्याटिङ गरेको बङ्गलादेशले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १४० रनको योगफल बनाएको थियो।

एक सय ४१ रनको विजयी लक्ष्य पछ्याएको अष्ट्रेलिया ११ दशमलव २ ओभरको खेल चलिरहँदा पानी परेपछि खेल प्रभावित बनेको थियो । त्यतिबेला अष्ट्रेलियाले दुई विकेट गुमाएर १०० रन बनाएको थियो। त्यसपछि पानी नरोकिएपछि डिएलएस मेथडका आधारमा अष्ट्रेलियालाई विजयी घोषणा गरिएको हो ।अष्ट्रेलियाका लागि डेभिड वार्नरले ३५ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा अविजित ५३ रन बनाएका थिए। त्यस्तै ट्राभिस हेडले २१ बलमा तीन चौका र दुई छककाको सहयोगमा ३१ रन बनाएका थिए।

त्यसअघि पहिला ब्याटिङ गरेको बङ्गलादेशका कप्तान नजमुल हृदोय शान्टोले सर्वाधिक ४१ रनको योगदान दिए । उनले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गर्दै ४१ रन बनाएका हुन। त्यस्तै टोहिद हरिडोइले २८ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ४० रन बनाए । बलिङतर्फ स्ट्रेलियाका प्याट कमिन्सले तीन विकेट लिए भने एडम जाम्पाले दुई तथा मिचेल स्टार्च, मार्कस स्टोइनिस र ग्लेन म्याक्सवेलले समान एक/एक विकेट लिए। विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत आज राति ८:१५ बजे इङ्ल्याण्ड र दक्षिण अफ्रिकाबीच खेल हुनेछ ।रासस

भारतद्वारा अफगानिस्तान पराजित

काठमाण्डु। आइसिसी टि-२० विश्वकप क्रिकेट प्रतियोगितामा भारतले अफगानिस्तानलाई ४७ रनले पराजित गरेको छ।

भारतले प्रस्तुत गरेको एक सय ८२ रनको लक्ष्य पछ्याउने क्रममा अफगानिस्तान निर्धारित २० ओभरमा सबै विकेट गुमाएर एक सय ३४ रनमा समेटिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । अफगानिस्तानका लागि अजमतुल्लाह ओमरजाईले सर्वाधिक २६ रन बनाए। उनले २० बलमा दुई चौका र एक छक्का प्रहार गरे ।यसैगरी, नजिबुल्लाह जादरानले १७ बलमा १९ रन जोडे । गुलबर्बादन नाइबले २१ बलमा १७ रन बनाए भने मोहम्मद नाबीले १४ तथा रहमतुल्लाह गुरबाजले ११ रन बनाए।

भारतका लागि जसप्रित बुमराह र अर्शदीप सिंहले समान तीन-तीन विकेट लिए। त्यस्तै कुल्दीप यादवले दुई विकेट लिँदा रवीन्द्र जडेजाले एक विकेट झारे ।त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ८१ रनको योगफल बनाएको थियो। भारतका लागि सूर्यकुमार यादवले २८ बलमा पाँच चौका र तीन छक्काको मद्दतमा सर्वाधिक ५३ रनको योगदान दिए। त्यस्तै विराट कोहलीले २४ रन बनाउँदा ऋषभ पन्तले २० रन बनाए। हार्दिक पाण्ड्याले ३२ रन बनाए।

अफगानिस्तानका लागि फजलहन फारुकी र रासिद खानले समान तीन-तीन विकेट लिए। विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत अहिले बङ्गलादेश र अस्ट्रेलियाबीचको खेल जारी छ ।रासस

चीनमा भारी वर्षाका कारण आएको बाढी परी ११ जनाको मृत्यु

सिन्ह्वा

हेफेई ।चीनमा मुसलधारे वर्षाका कारण शुक्रबारको अन्त्यसम्ममा कम्तिमा ११ जनाको ज्यान जानुका साथै अनहुई प्रान्तमा दुई र दक्षिण चीनको गुआङ्गडोङ प्रान्तमा नौ जनाको ज्यान गएको छ।

निरन्तरको वर्षा पछि पूर्वी र दक्षिणी चीनका धेरै भागहरूमा बाढीका कारण स्थानीयले ज्यान गुमाएका छन् । बाढी र डुवानका कारण विभिन्न बालीमा क्षति पुग्नुका साथै सडकहरू काटिएको छ । स्थानीय अधिकारीले चरम मौसमी अवस्थाको प्रभाव कम गर्न आपतकालीन प्रतिक्रियाको स्तर बढाएका छन्।

शुक्रबार बर्षा र आँधीसम्बन्धी मौसम विज्ञान प्रकोप प्रमुखले मोसमी पूर्वानुमान र आपतकालिन प्रतिक्रिया दिँदै आगामी तीन दिन प्रान्तमा कडा वर्षा हुने अनुमान गरेको छ । बुधबारदेखि बिहीबारसम्म सहरको औसत वर्षा १७६.४ मिलिमिटर पुगेको छ भने टुनक्सी जिल्लामा ४०५.५ मिलिमिटरको अधिकतम वर्षा रेकर्ड गरिएको छ ।वर्षाले एक लाख ७९ हजार मानिसहरू प्रभावित भएकामा लगभग ११ हजार बासिन्दालाई अस्थायी स्थान्तरण गरिएको थियो । सहरको पार्टी समितिको प्रचार विभागका अनुसार क्षतिग्रस्त बालीको क्षेत्रफल ११ हजार ४८० हेक्टर पुगेको छ।

वर्षाका कारण आएको बाढीले नौवटा राष्ट्रिय वा प्रान्तीय राजमार्गसहित सहरका ५० वटा सडक अवरुद्ध पारेको छ । पाँचवटा काउन्टी-स्तरीय क्षेत्रमा सार्वजनिक यात्रु यातायात सञ्चालन स्थगित गरिएको छ । सहरमा तीन हजारभन्दा बढी उद्धारकर्ता, २३५ वारूण यन्त्र र १०५ जहाज उद्धार तथा राहतका लागि परिचालन गरी दुई हजार ४०० भन्दा बढी फसेका बासिन्दालाई उद्धार गरिएको छ । वर्षामा केही ग्रामिण सडक भत्किएका कारण उद्धारकर्ताहरू पहाडी क्षेत्रका केही दुर्गम गाउँमा पुग्न पैदल हिँड्नु परेको उहाँले बताउनुभयो।

सहरका उपप्रमुख चेन टिएन्युले अहिले बाढी नियन्त्रणका लागि निकै महत्वपूर्ण समय भएको बताउँदै सहरको हुइझोउ जिल्लास्थित चेङ्कन नगरमा रहेको एउटा उच्च अध्ययन भ्रमण आधारलाई खाली गरिएका बासिन्दाका लागि अस्थायी बस्ती स्थलमा परिणत गरिएको छ ।सहर र गाउँ स्तरका सबै कार्यकर्ताहरूलाई परिचालन गरी प्रभावित स्थानहरूमा गस्ती र निरीक्षण गर्न भनिएको छ।

गुआङ्गडोङको सिमानामा रहेको फुजियान प्रान्तमा जुन १६ देखि सुरु भएको लगातारको वर्षाले लोङ्यान सहरका एक लाखभन्दा बढी बासिन्दाको सामान्य जनजीवन प्रभावित बनेको छ।

गाजामा इजरायलको यसद्धविरामले सहायता आपूर्तिमा असर छैन

एएफपी

जेनेभा। इजरायली सेनाले गाजामा सहायता प्रवाहलाई सहज बनाउन घोषणा गरेको इजरायली 'युद्धविराम' ले सहायताको वितरणमा कुनै असर नपारेको संयुक्त राष्ट्रको स्वास्थ्य एजेन्सी विश्व स्वास्थ्य सङ्गठनले शुक्रबार जनाएको छ। 'प्राविधिक विरामको एकपक्षीय घोषणा' ले मानवीय सहयोगको आपूर्तिमा कुनै असर नदेखेको प्यालेस्टिनी क्षेत्रहरूमा विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधि रिचर्ड पिपरकर्नले बताउनुभयो।

इजरायली सेनाले सप्ताहन्तमा पूर्वी रफाहको मुख्य सडकमा लडाइँमा दैनिक मानवीय 'विराम' घोषणा गरेको थियो। तर संयुक्त राष्ट्रसङ्घका प्रवक्ताले केही दिनपछि यो अझै खाँचोमा परेका मानिसहरूमा पुग्ने थप सहायतामा परिणत हुन नसकेको बताउनुभएको छ। हमासले गत अक्टोबर ७ मा इजरायलमा गरेको अकल्पनीय आक्रमणबाट सुरु भएको आठ महिनाभन्दा बढीको युद्धले प्यालेस्टिनी क्षेत्रमा गम्भीर मानवीय अवस्था निम्त्याएको उल्लेख गर्दै संयुक्त राष्ट्र सङ्घले बारम्बार अनिकालको चेतावनी दिएको छ।

इजरायली तथ्याङ्कको आधारमा इजरायलमा अक्टोबरमा भएको हमासको सुरुवाती आक्रमणमा एक हजार १९४ जनाको मृत्यु भएको थियो, जसमा अधिकांश नागरिक थिए ।आतङ्कवादीले ११६ जनालाई कब्जा गरी बन्धक बनाएका थिए।

यसमध्ये सेनाले ४१ जनाको मृत्यु भएको बताएको छ ।हमासको स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा इजरायलको जवाफी आक्रमणमा कम्तिमा ३७ हजार ४३१ जनाको मृत्यु भएको थियो यसमा अधिकांश सर्वसाधारण रहेका छन्।

दिल्लीका मुख्यमन्त्रीलाई सम्पत्ति शुद्धीकरण मुद्दामा जमानत

सिन्ह्वा

नयाँ दिल्ली । दिल्लीको एक अदालतले मदिराको अन्तः शुल्क नीतिसम्बन्धी सम्पत्ति शुद्धीकरण मुद्दामा जेलमा रहेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई बिहीबार जमानत दिएको छ।

"प्रवर्तन निर्देशनालय (ईडी) को सबै आपत्तिलाई अस्वीकार गर्दै सम्मानित अदालतले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई जमानत दिएको छ," आम आदमी पार्टी (आप) ले सामाजिक सञ्जालमा लेखेको छ ।बिहीबार साँझ आदेश जारी भएपछि आदेशलाई पुनरावेदन गरी चुनौती दिन सकियोस् भनी ईडीले जमानतपत्रमा हस्ताक्षर गर्न ४८ घण्टा पछि सार्न अनुरोध गरेको थियो । न्यायाधीशले उक्त आदेशमा रोक लगाउन अस्वीकार गरेका थिए। जमानतपत्र शुक्रवार न्यायाधीश समक्ष पेश गरिनेछ।

आम आदमी पार्टी (आप) का प्रमुखसमेत रहेका केजरीवाल शुक्रबार जेलबाट बाहिर निस्कने सम्भावना छ किनभने जमानतको आदेश पहिले जेल पुग्नुपर्ने हुन्छ ।केजरीवाललाई ईडीले गत मार्चमा विशिष्ट व्यक्तिहरूको पक्षमा मदिरामा अन्तःशुल्क निर्धारणमा प्रत्यक्ष संलग्नतासँग सम्बन्धित भ्रष्टाचारको आरोपमा गिरफ्तार गरेको थियो।

सन् २०२२ को अगष्टमा भारतको प्रमुख अनुसन्धान निकाय सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सीबीआई) ले दिल्ली सरकारले घूस खाएका केही मदिरा व्यापारीलाई फाइदा पुऱ्याउन उक्त नीतिको प्रयोग गरेको आरोप लगाएपछि दिल्लीको अन्तःशुल्क नीतिको अनुसन्धान सुरु भएको थियो ।रासस

अमेरिकी सेनाद्वारा यमनको रेड सीमा छवटा हुथी ड्रोन नष्ट

एएफपी

वासिङ्टन । अमेरिकी सेनाले बिहीबार यमनको लाल सागरमा चारवटा हुथी नटिकल ड्रोन र दुईवटा हवाई ड्रोन नष्ट गरेको बताएको छ। इरान समर्थित हुथीहरूले नोभेम्बरदेखि रेड सी र एडनको खाडीमा कार्गो ढुवानी गर्ने जहाजहरूमा ड्रोन र क्षेप्यास्त्रले आक्रमण गर्दै आइरहेको छ। संयुक्त राज्य अमेरिका र बेलायतलगायत सहयोगीले महत्त्वपूर्ण जलमार्गमा ढुवानीको रक्षा गर्न र हुथी आक्रमणविरुद्ध सेना परिचालनलाई बढाएका छन्।

'युएस सेन्ट्रल कमान्ड (सेन्टकम)' ले बिहीबार राति एक विज्ञप्तिमार्फत सेनाले विगत २४ घण्टामा रेड सीमा चार इरानी ड्रोन र रेड सीमा दुई मानवरहित हवाई प्रणाली (युएएस) नष्ट गरेको बताएको छ। अमेरिकी विदेश विभागका प्रवक्ता म्याथ्यू मिलरले एक विज्ञप्तिमार्फत हुथी आक्रमणको निन्दा गर्दै वासिङ्टनले आवागमन र व्यावसायिक ढुवानीको स्वतन्त्रताको रक्षा गर्न आवश्यक कदम जारी राख्ने' बताउनुभयो।

उहाँले हुथीलाई यस महिनाको सुरुमा हिरासतमा लिएका संयुक्त राष्ट्र सङ्घ, कूटनीतिक र गैर-सरकारी सङ्गठनका कर्मचारीसहित सबै बन्दीहरूलाई रिहा गर्न पनि आह्वान गर्नुभएको छ । यस महिनाको सुरुमा हुथी लडाकूले अमेरिकी-इजरायली जासुसी सञ्जालको हिस्सा भएको दाबी गर्दै धेरै व्यक्तिलाई पक्राउ गरेका थिए। पक्राउ पर्ने अधिकांश अन्तर्राष्ट्रिय सङ्गठनहरू र संयुक्त राष्ट्रसङ्घीय निकायमा काम गर्ने कर्मचारी रहेका थिए।

संयुक्त राष्ट्र सङ्घका छ वटा निकाय र तीन वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रमुखले हुथी समक्ष आफ्ना कर्मचारीको रिहाइका लागि संयुक्त आह्वान जारी गरेका थिए। गाजापट्टीमा इजरायल-हमास युद्धको समयमा प्यालेस्टिनीको समर्थनमा रहेको भन्दै हुथी लडाकू समूहले यस्ता आक्रमणलाई वर्णन गर्दै आएका छन् । हुथी लामो समयदेखि चलिरहेको गृहयुद्धमा संलग्न छन् जसले विश्वको सबैभन्दा खराब मानवीय सङ्कटमध्ये एक सङ्कट निम्त्याएको छ।

राष्ट्रिय आवास कम्पनी घाटामा सञ्चालित

काठमाण्डु । सरकारी स्वामित्वको राष्ट्रिय आवास कम्पनी लिमिटेड विगत पाँच वर्षदेखि अधिकांश वर्ष घाटामा सञ्चालन भएको छ।

कम्पनीको शुक्रबार सम्पन्न १६औं वार्षिक साधारणसभामा प्रस्तुत प्रतिवेदनअनुसार कम्पनीले आर्थिक वर्ष २०७५/७६ मा रु २६ लाख ८६ हजार खुद नाफा गरेको थियो भने आव २०७६/७७ मा रु दुई करोड ६५ लाख नोक्सान व्यहोरेको थियो।

त्यस्तै आव २०७७/७८ मा रु ३० लाख ४५ हजार खुद नाफा कमाएको कम्पनीले आव २०७८/७९ मा रु चार करोड ३१ लाख नोक्सान व्यहोरेको प्रतिवेदनमा उल्लेख छ। कम्पनीले आव २०७९/८० मा रु ८४ लाख आठ हजार नोक्सान व्यहोरेको थियो।

साधारणसभामा कम्पनीका अध्यक्ष सन्दिपकुमार मिश्रले हाल कम्पनीको फुटकर जग्गा बिक्री कार्य सञ्चालन भएको जानकारी दिनुभयो । उहाँले जग्गा धनी दर्ता प्रमाण पुर्जा भएको जग्गामा स्थानीय तहसँग सामन्वय गरी आवासीय कार्यक्रम सञ्चालन गरी भविष्यमा कम्पनी नाफामा सञ्चालन भई सञ्चित नाफासमेत हुने विश्वास लिइएको बताउनुभयो । कम्पनीका सदस्य सचिव एवं महाप्रबन्धक रामकृष्ण निरौलाले कम्पनीका कामकारबाही र नीतिगत तथा संरचनागत चुनौतीका बारेमा जानकारी गराउनुभयो । उहाँले अवरोधका रुपमा देखिएका केही समस्या समाधान गर्न सरोकार भएका निकायको समन्वय र सहयोग भएमा कम्पनी आम्दानीको राम्रो स्रोत बन्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा सञ्चालक समिति सदस्य तथा शेयर सदस्य प्रतिनिधि सरेन्द्रप्रसाद अधिकारीले सधैं घाटामा सञ्चालन हुने कम्पनीलाई नाफामा लैजान नीतिगत र संरचनागत सुधार गर्न सुझाव दिनुभयो । उहाँले सधैं घाटामा मात्र सञ्चालन हुने हो भने त्यस संस्थालाई सरकारले औचित्यका दृष्टिकोणले विघटन गर्नसक्ने बताउनुभयो ।शेयर प्रतिनिधि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयकोतर्फबाट मनुका न्यौपानेले कुनै पनि संस्थाको दिगोपन जनताको अपनत्व र हितसँग सम्बन्धित रहेको उल्लेख गर्दै कम्पनीको शेयर सर्वसाधारणलाई प्रदान गर्न आवश्यक व्यवस्था गर्न सुझाव दिनुभयो।

विसं २०४६ देखि सञ्चालित ग्रामीण आवास कम्पनी २०६९ सालदेखि राष्ट्रिय आवास कम्पनीको दैवीप्रकोप पीडित असहाय र आश्रयविहीन परिवारका लागि देशका विभिन्न भागमा सम्बन्धित निकायबाट साधन लिइ आवासको व्यवस्था गर्ने उद्देश्य रहेको छ।

साथै योजनाबद्ध बस्ती विकास गर्ने, गरिबीको रेखामुनि रहेका तथा आफ्नो घडेरी नभएका परिवारलाई वित्तीय साधन जुटाइ आवासको व्यवस्था गर्ने, कुनै योजना सञ्चालन गर्दा विस्थापित हुने परिवारलाई आयोजना सञ्चालन गर्ने निकायबाट आवश्यक रकम लिइ पुनःस्थापनाको व्यवस्था मिलाउनेलगायत उद्देश्य कम्पनीको रहेको छ ।रासस

सार्वजनिक ऋण २४ खर्बभन्दा बढी

काठमाण्डु । नेपालको कुल सार्वजनिक ऋण रु २४ खर्ब नाँघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा आन्तरिक ऋण रु ११ खर्ब ९२ अर्ब ४८ करोड र बाह्यतर्फ रु १२ खर्ब सात अर्ब ८६ करोड बराबर रहेको छ।

चालु आवको सुरुआत अर्थात् २०८० असार मसान्तमा कुल सार्वजनिक ऋण रु २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर थियो। चालु आवको ११ महिनामा मात्र रु एक खर्ब ९९ करोड बराबर ऋण थपिएको हो। हालसम्मको कुल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४९ दशमलव ६८ र बाह्य ऋणको हिस्सा ५० दशमलव ३२ प्रतिशत छ।

बाह्य ऋणतर्फ बहुपक्षिण ऋणदातालाई रु १० खर्ब ७१ अर्ब ११ करोड र द्विपक्षीय ऋणदातालाई रु एक खर्ब ३६ अर्ब ७४ करोड बराबर तिर्न बाँकी छ। त्यस्तै, आन्तरिक ऋणतर्फ विकास बण्डको दायित्व सबैभन्दा बढी रु सात खर्ब ६४ अर्ब ९४ करोड बराबर छ। हालसम्मको ट्रेजरी बिलको दायित्व रु चार खर्ब १२ अर्ब ६९ करोड, नागरिक बचतपत्रको दायित्व रु १० अर्ब ७५ करोड, वैदेशिक रोजगारी बचतपत्रको दायित्व रु १७ करोड र आईएमएफ बण्डको दायित्व रु तीन अर्ब ९१ करोड बराबर छ।

चालु आर्थिक वर्षका लागि सरकारले कुल रु चार खर्ब ५२ अर्ब ७५ करोड बराबर ऋण उठाउने लक्ष्य राखेको थियो। जसमध्ये आन्तरिक ऋण रु दुई खर्ब ४० अर्ब र बाह्य ऋण रु दुई खर्ब १२ अर्ब ७५ करोड उठाउने लक्ष्य थियो । गत वैशाख मसान्तसम्ममा सरकारले आन्तरिकतर्फ रु दुई खर्ब २५ अर्ब र बाह्यतर्फ रु ८२ अर्ब ६७ करोड बराबर ऋण उठाइसकेको छ।

वार्षिक लक्ष्यका आधारमा हालसम्मको कुल ऋण प्राप्ति ६७ दशमलव ९६ प्रतिशत बराबर हो। आन्तरिक तर्फ वार्षिक लक्ष्यको ९३ दशमलव ७५ र बाह्य तर्फ वार्षिक लक्ष्यको ३८ दशमलव ८६ प्रतिशत बराबर रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।चालु आवभित्र उठाइसक्ने लक्ष्य लिइएको ऋणमध्ये वैशाख मसान्तसम्ममा आन्तरिकतर्फ रु १५ अर्ब र बाह्यतर्फ रु एक खर्ब ३० अर्ब सात करोड गरी कुल रु एक खर्ब ४५ अर्ब बराबर उठ्न बाँकी रहेको कार्यालयका प्रमुख दीर्घराज मैनालीले जानकारी दिनुभयो।

चालु आवमा सरकारी ऋणको साँवा तिर्न रु दुई खर्ब २५ अर्ब १७ करोड र ब्याज तिर्न रु एक खर्ब पाँच अर्ब ३८ करोड बराबर विनियोजन भएको थियो। जसमध्ये चालु आवको १० महिनामा साँवातर्फ रु एक खर्ब ९७ अर्ब ३२ करोड अर्थात् विनियोजित बजेटको ८७ दशमलव ८३ प्रतिशत र बाह्यतर्फ रु ३१ अर्ब ५२ करोड अर्थात् ७० दशमलव नौ प्रतिशत बराबर भुक्तानी भइसकेको कार्यालयले जनाएको छ ।चालु आर्थिक वर्षको गत वैशाख मसान्तसम्म तिरिएको सार्वजनिक ऋणको साँवा ब्याजमध्ये आन्तरिकतर्फको भुक्तानी रु दुई खर्ब २७ अर्ब २० करोड र बाह्य ऋणको साँवा ब्याजमा रु ४३ अर्ब ९९ करोड बराबर खर्च भएको छ ।रासस

राजस्व सङ्कलनमा सामान्य वृद्धि

काठमाण्डु । गत आर्थिक वर्षको तुलनामा चालु आवमा राजस्व सङ्कलनमा सामान्य वृद्धि भएको छ । चालु आवको ११ महिनामा रु ४१ अर्ब १९ करोड राजस्व सङ्कलन भएको छ।

आन्तरिक राजस्व विभागका अनुसार गत वर्ष सोही अवधिमा रु ३७ अर्ब सङ्कलन भएको थियो। यो वृद्धि ११ दशमलव ३० प्रतिशतले बढी हो। चालु आवको जेठ मसान्तसम्म रु चार खर्ब ४८ अर्ब राजस्व सङ्कलन भएको छ । यो गत वर्षको सोही अवधिको तुलनामा नौ दशमलव ६४ प्रतिशतले बढी हो । गत वर्ष जेठ मसान्तसम्मको राजस्व असुली रु चार खर्ब आठ अर्ब थियो । गत वर्षभन्दा चालु आवको यो अवधिसम्म रु ४० अर्बले राजस्व सङ्कलनमा वृद्धि भएको विभागका महानिर्देशक शिवलाल तिवारीले राससलाई जानकारी दिनुभयो।

आयकर (भाडा र ब्याजसमेत) बाट रु दुई खर्ब ३२ अर्ब, मूल्य अभिवृद्धिकर (आन्तरिक)बाट रु एक खर्ब १२ अर्ब र अन्तःशुल्कबाट रु ९५ अर्ब सङ्कलन भएको छ । महानिर्देशक तिवारीका अनुसार स्वास्थ्य सेवा, शिक्षा र अन्यबाट रु आठ अर्ब राजस्व उठेको छ। हालसम्म लक्ष्यको ७८ दशमलव पाँच प्रतिशत रकम असुली भएको छ।

गत वर्षको सोही अवधिको तुलनामा राजस्व सङ्कलनमा वृद्धि भए पनि सरकारले चालु आवमा निर्धारण गरेको लक्ष्यमा भने पुग्न सकेको छैन। राजस्व योगदानमा करदाता कार्यालयहरूमध्येको ठूला करदाता कार्यालयको हिस्सा करिब ४० प्रतिशत छ । यो कार्यालयले रु एक खर्ब ७५ अर्ब सङ्कलन गरेको छ। ठूला करदाता कार्यालयको राजस्व असुली लक्ष्य रु दुई खर्ब ३८ अर्ब थियो।

वार्षिक एक अर्बभन्दा बढीको कारोबार गर्ने करदाताबाट ठूला करदाता कार्यालयले कर सङ्कलन गर्दै आएको छ । एक अर्बभन्दा बढीको कारोबार गर्ने करदाता संख्या पाँच सय ४५ छन् । कोरोना महामारीलगायत विविध कारणले केही वर्षयता अर्थतन्त्रमा आएको सुस्तताका कारण राजस्व सङ्कलनमा कमी आए पनि चालु आवको उत्तरार्द्धमा अर्थतन्त्रमा भएको सुधारले राजस्व सङ्कलनमा वृद्धि भएको महानिर्देशक तिवारी बताउनुहुन्छ । अन्तःशुल्कमा बढाइएको निगरानी, धितोपत्रबजार र घरजग्गा व्यवसाय कारोबारमा भएको वृद्धि तथा पुँजीगत खर्चमा भएको वृद्धिले पनि राजस्व सङ्कलनमा सकारात्मक प्रभाव परेको उहाँले बताउनुहुन्छ ।रासस

भूमिसुधार तथा मालपोत कार्यालय (भूमिसुधार शाखा) धनुषाबाट जारी भएको म्याद जिल्ला धनुषा संतोषर गा.वि.स. वडा नं. ५ हाल सबैला नगरपालिका वडा नं. ९ मा बस्ने जयलाल राउतको श्रीमती राम सरुप राउत नाउको म्याद सरहको उपस्थित हुन आउने बारेको ३० (तिस) दिने सार्वजनिक सूचना

जिल्ला धनुषा ठिल्ला यदुवा गा.वि.स. वडा नं. ९ हाल सबैला नगरपालिका वडा नं. ९ मा बस्ने जनक किशोर महतो र रुपेश साह सुडीको नाउँमा दर्ता कायम रहेको तपशिल उल्लेखित जग्गाको जग्गाधनीले मोही जग्गा बाँडफाँड दर्ता गर्नु भएको मि.न. ०९ डा.मि. २०८०/०५/१३ मुद्दामा कारवाहीको सिलसिलामा मोहीको नाउँमा म्याद जारि गर्दा निज मोहीको ठेगानामा म्याद तामेल गर्न जाँदा म्याद तामेल हुन नसकेको व्यहोरा तामेलदारको निवेदन आएको हुदाँ प्रतिवादीको नाउँमा म्याद सरहको सूचना जारी गरि पठाउनु भनी भूमिसुधार तथा मालपोत कार्यालय धनुषा (भूमिसुधार शाखा) मा मिति २०८०/०३/०६ गतेमा भएको आदेशानुसार तपाई जग्गाधनी लाई ३० (तिस) दिन भित्र उपस्थित हुन आउनुहुन मुलुकी देवानी कार्यविधि संहित २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्यादभित्र स-प्रमाण उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

तपशिल

जिल्ला	गा.वि.स.	वडा नं.	कि.न.	क्षेत्रफल	बाँडफाँड माग गरेको विवरण
धनुषा	संतोषर	५	२८०	०-२-९	पश्चिम तर्फ बाट जग्गाधनी लाई

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय कल्याणपुरको ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यकालागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानत दिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

सम्बन्धित कार्यालय : शाखा कार्यालय, कल्याणपुर

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारि भएको जिल्ला र मिति	ग्राहकको पिताको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/०३/०४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१.	कृष्ण ईटा उधोग (प्रो.प्रमोद कुमार साह)	मैन्हासहस्रवाहु-२, सप्तरी	२७५५ २०५६/०४/२५ सप्तरी	गुणालाल साह	बैजनाथी साह	उधोग कर्जा	८५,००,०००/-	१३,८६,३००/-	९८,८६,३००/-

फर्मको दर्ता नं.: १११।०७०।७१ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय, सप्तरी दर्ता मिति : २०७०।०५।१७ पान नं. ६०१५०८२६४

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारि भएको जिल्ला र मिति	ग्राहकको पिता/ पतिको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/०३/०४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
२.	राजकुमार फर्निचर उधोग (प्रो.फुलिदास चौधरी)	सुरुङ्गा न.पा.-७, सप्तरी	४७५ २०५१/१०/१८ सप्तरी	बिरिचन चौधरी	बिलट चौधरी	ब्यापार	४०,००,०००/-	४,८७,९५२/-	४४,८७,९५२/-

फर्मको दर्ता नं.: १००६७/०७८/७९ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग बिभाग सप्तरी, राजबिराज दर्ता मिति : २०७८।०५।२१ पान नं. ६१६६४४१४६

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राहकको पिताको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/०३/०४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
३.	जि.दास हार्डवेयर (ईन्द्र भुषण दास)	सुरुङ्गा न.पा.-४, सप्तरी	६/२५३ २०५४/०४/०१ सिरहा	गोबर्धन दास	रामजी दास	ब्यापार	१५,००,०००/-	३,०४,४७३/-	१८,०४,४७३/-

फर्मको दर्ता नं.: ८३९७।२०७७।७८ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय सप्तरी, राजविराज दर्ता मिति : २०७७।०९।१६ पान नं. ६१४७३८७५३

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राहकको पिताको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/०३/०४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
४.	निर्मल जल (प्रो. राजकुमार चौधरी)	खडक न.पा.-५, सप्तरी	०८५१२९१०५ २०४०/०३/१३सप्तरी	घनसीराम चौधरी	अजवलाल चौधरी	ब्यापार	१९,५०,०००/-	२,७१,४६५/-	२२,२१,४६५/-

फर्मको दर्ता नं.: ८२३८/०७४/०७५ दर्ता भएको कार्यालय : उधोग बिकास शाखा, राजबिराज, सप्तरी दर्ता मिति :२०७४।१२।२९ पान नं.६०७७३७९५२

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राहकको पिताको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/०३/०४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
५.	मिथिला बस्त्रालय (प्रो.सत्यनारायण भगत)	कुशहा-०६,सप्तरी	४०३५ २०३१/०५/०८ सप्तरी	सिताराम भगत	मनि भगत	ब्यापार	२५,५०,०००/-	१,५१,४७४/-	२७,०१,४७४/-

फर्मको दर्ता नं.: १४६६/०६९/७० दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय, सप्तरी दर्ता मिति :२०६९।०५।१० पान नं. :६००६८३६९४

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राहकको पिताको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/०३/०४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
६.	बिस मिल्लाह जनरल स्टोर(प्रो.सफिर अहममिया)	कुशहा-७, सप्तरी	५१८१२२०३ २०४४/१०/२१ सप्तरी	सुलेमान मिया	सफिर अहममिया	ब्यापार	२७,००,०००/-	५,४५,८६३/-	३२,४५,८६३/-

फर्मको दर्ता नं.: ७५०६/०७६/७७ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय, सप्तरी दर्ता मिति :२०७६।०८।०९ पान नं. :६१२५०८९०३

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राहकको पिताको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/०३/०४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
७.	ब्रेभ हार्ट एजुकेशनल एकेडमी प्रा.लि.(प्रो. श्रवण कुमार चौधरी)	पंसेरा-५, सप्तरी	७०२५१७८९ २०५२/०७/०९/सप्तरी	सुखैर चौधरी	खुसीलाल चौधरी	ब्यापार	३७,५०,०००/-	३,३८,१०१/-	४०,८८,१०१/-

फर्मको दर्ता नं.:५०८८८/०६४/०६५ दर्ता भएको कार्यालय :नेपाल सरकार उधोग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, दर्ता मिति :२०६४।०९।२९ पान नं. :६०१०४५८४४

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राहकको पिताको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/०३/०४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
८.	बाबा डिहीवार मनिएक्सप्रेस (प्रो. शिव चरण चौधरी)	भंगाहा-१,सप्तरी	८८९९ २०५५/०३/२३ सप्तरी	गुदर चौधरी	खुसिलाल चौधरी	ब्यापार	३०,४०,०००/-	३,०५,९८८/-	३३,४५,९८८/-

फर्मको दर्ता नं.:८७२ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय सप्तरी दर्ता मिति :२०६७।०७।२९ पान नं. :३०४३३५६२८

क्र. सं	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राह कको पतिको नाम	सशुराको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/३/४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
९.	सेरा खातुन	मैन्हासह्रसवाहु ६, सप्तरी	१५१ २०५८/८/१३,सप्तरी	उसमान मिया	सुलेमान मिया	घरायसी	८,००,०००/-	१,४६,३६६/-	९,४६,३६६/-

क्र. सं	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राहकको बाबुको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/३/४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१०.	धर्मदेव चौधरी	पिप्रापश्चिम६, सप्तरी	५९०३ २०५३/०४/२३,सप्तरी	बजारी चौधरी	मागैन चौधरी	कृषि	१०,००,०००/-	२,१०,९९३/-	१२,१०,९९३/-

क्र. सं	कर्जा ग्राहकको नाम	ठेगाना	नगरिकता नं. जारिभएको जिल्ला र मिति	ग्राहकको बाबुको नाम	बाजेको नाम	उदेश्य	सावां सकम रु.	मिति २०८१/३/४ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
११.	हजरत मिया	बनरझुला २, सप्तरी	३०९४ २०४३/१०/११, सप्तरी	बरकैत मिया	बाबुजि मिया	कृषि	१०,००,०००/-	९३,५५३,/-	१०,९३,५५३/-

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

पानी माग्दै मुख्यमन्त्रीलाई ज्ञापन

टुडे समाचारदाता

जनकपुरधाम । खाने पानी माग्दै जनकपुरधाममा प्रदर्शन गरेको छ । चुरे तथा वनजंगल संरक्षण अभियानीहरुले सरकार पानी देउ, चुरे दोहन बन्द गर, खोलाको अवैध उत्खनन बन्द गरलगायत नारा लेखिएको घैंटा, प्लेकार्डसहित जनकपुरधाम नगरमा प्रदर्शन गरेका छन् ।

शुक्रबार जनकपुरधामस्थित जनक चोकदेखि नगरको विभिन्न भागकोपरिक्रमागर्दैप्रदर्शनकारीहरु मुख्यमन्त्री कार्यालय अगाडिसम्म पुगेका थिए ।

१२ बुँदे मागसहित मुख्यमन्त्री सतीश कुमार सिंहलाई ज्ञापनपत्र समेत बुझाएका छन् ।

दिलीप महतोलाई प्रथम पर्यावरण शहीद घोषणा, चुरेको अवैध दोहन बन्द, संघीय सरकारद्वारा ल्याइएका ढुंगा, गिट्टी र बालुवा विदेश निकासी गर्ने विधेयक तत्काल खारेज गर्नुपर्ने, मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा, डढेलो नियन्त्रण तथा खुल्ला चरिचरण बन्द गर्नुपर्नेलगायतको १२ बुँदे चुरे संरक्षण अभियान नेपालको माग रहेको छ ।

चुरे तथा वनजंगल संरक्षण अभियान नेपाल संयोजक सुनिल कुमार यादवले मुख्यमन्त्री सिंहलाई ज्ञापनपत्र बुझाएका छन् । सो ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री सिंहले मधेश सरकारको अधिकार क्षेत्र अन्तर्गत पर्ने मागहरु पूरा गर्न प्रयास गर्ने आश्वासन दिए ।

सो ज्ञापनपत्र बुझाउने चुरे बचाउ अभियन्ताहरुले सप्तरीको भारदहदेखि पद यात्रा गरी काठमाण्डु गएर पनि २९ दिनदेखि आन्दोलन जारी राखेका छन् ।

झोलुंगे पुलमा अत्यधिक चापले क्षतिको सम्भावना

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको कमला नदीमा बनेको झोलुंगे पुल हेर्न दिनहुँ हजारौँको संख्यामा सर्वसाधारण आउने गरेका छन् ।

नेपालकै सबैभन्दा लामो झोलुंगे पुलको रुपमा रहेको पुल हेर्नका लागि धनुषा, सिरहाका विभिन्न स्थान तथा भारतको बिहार राज्यबाट पटनासम्मका सर्वसाधारणहरु हेर्नेको लर्को नै लागेको हुन्छ ।

कमला नदीसँगै जोडिएको सिराहा नगरपालिका- १३ मलहनियाँ र धनुषाको जनकनन्दिनी गाउँपालिका- ६ कठाल जोड्ने झोलुंगे पुल निर्माण भएपछि धनुषाको जनकनन्दनी गाउँपालिकास्थित कठालमा रहेको झोलुंगे पुल बनेपछि सो पुल हेर्नका लागि दिनहुँ भिड लाग्ने गरेको छ भने सो पुलमा सेल्फी लिनेहरुको तछाडमछाड नै हुने गर्दा यात्रुहरुलाई निकै सास्ती खेप्नु परेको एक पैदल यात्रुले बताए ।

स-परिवार नै झोलुंगे पुल हेर्न आएकी भारत विहारको मधुवनीका सविना खातुनले खुसी हुँदै भनिन्, 'आफुहरु स-परिवार झोलुंगे पुल नै हेर्न आएको तर अत्यधिक भिडभाडका कारण पुलमाथि चढ्नका लागि पालो कुरिरहेको छु ।'

सो झोलुंगे पुल हेर्नकै लागि आएकाहरुले पुलमाथि चढेर सेल्फी लिने र अत्यधिक भिडभाडसंगै मोटरसाइकलसमेत गुड्ने गर्दा संकटमा पर्ने चिन्ता स्थानीय विनोद मण्डललाई लागेको छ ।

यसैबीच सर्वसाधारणहरुको अत्यधिक चाप र मोटरसाइकलको ओभरलोड भएपछि दुवै तर्फबाट आवतजावत बन्द गरिएको छ ।

पुल निर्माणको क्रममा निर्माणका क्रममा अहोरात्र खटेका स्थानीय मण्डलले पुलको सुरक्षा तथा क्षमताभन्दा बढी भएमा नियन्त्रणका लागि प्रहरी प्रशासनलाई गुहारे पनि बेवास्ता गरेपछि पुलमा असर देखिन थालेपछि क्षति हुने सम्भावना रहेको भन्दै चिन्ता व्यक्त गरे ।

इलाका प्रहरी कार्यालय खजुरीका प्रहरीले दिनहुँ भिडलाई नियन्त्रण गर्नमा जुटे पनि सिरहाबाट प्रहरीले कुनै पनि किसिमको सहयोग नगर्दा समस्या उत्पन्न भएको उनको भनाइ छ ।

गृहमन्त्रीको बोल्ड निर्णय :

जनकपुरधाम गुठीको ९ हजार बिघा जग्गा अतिक्रमणमुक्त गराइने

ब्लग :

श्यामसुन्दर शशि

संघीय सरकारको सय दिने प्रगति विवरण सार्वजनिक गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष तथा गृहमन्त्री रवि लामिछानेले एउटा बोल्ड योजना सार्वजनिक गर्नु भयो- 'बृहत जनकपुर क्षेत्र भित्र अतिक्रमणमा परेको गुठीको ९ हजार बिघा जग्गा खाली गराइने छ ।' गृहमन्त्रीको रुपमा लामिछानेको सय दिने कार्यकाल खासै उपलब्धिमूलक नरहे पनि उनको यस निर्णयले जनकपुरधामवासीलाई खुसीबनाएको छ । जनकपुरधामवासी गुठीको अतिक्रमित जग्गा खाली हुने सपना देख्न थालेका छन् ।

२८ माघ २०७५ मा अख्तियारको निर्देशनमा सरकारले उपसचिव विक्रमप्रसाद पाण्डेको नेतृत्वमा अध्ययन समिति गठन गरिएको थियो । समितिले जनकपुरको गुठी अन्तर्गतका जग्गा व्यक्तिको नाममा दर्ता भएको तथा अतिक्रमणमा परेको विषयमा अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो । प्रतिवेदन अनुसार, जनकपुरधाममा करिब १० हजार बिघा जग्गा अतिक्रमणमा परेको उल्लेख थियो । २५ गुठीको ९ हजार ८ सय ४२ विघा १२ कट्ठा जग्गा अतिक्रमण भएको भन्दै समितिले रत्नसागर मन्दिर जग्गा कब्जा गरेर ३३ घर बनाइएको उल्लेख समेत गरेको थियो । त्यसक्रममा मोही नलाग्ने भनी छुट्याइएको जग्गा समेत पछि मोही लाग्ने भनी परिमार्जन गरिएको उल्लेख थियो ।

सम्भवतः गृहमन्त्री लामिछानेले उल्लेख गर्नु भएको ९ हजार बिघा जग्गा उपसचिव बिक्रमप्रसाद पाण्डे नेतृत्वको अध्ययन समितिको प्रतिवेदनको आधारमा हो । जसमा जनकपुरधाम गुठी तथा यस क्षेत्रका २५ मठ मन्दिर (गुठी) को ९ हजार ८ सय ४२ बिघा १२ कठ्ठा जग्गा अतिक्रमणमा परेको उल्लेख थियो ।

गृहमन्त्री लामिछानेलाई बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष भोजराज घिमिरे नेतृत्वको कार्यदलको प्रतिवेदन बारे पनि थाहै होला । र पनि यहाँ जानकारी दिन खोजिएको हो ।

मठ मन्दिरको श्रीसम्पतिको लगत, अवस्था तथा सुधारका लागि आवश्यक सुझाव दिन २०६२ श्रावण २६ गते मन्त्रीमण्डलको निर्णयबाट बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष भोजराज घिमिरेको नेतृत्वमा गठित कार्यदलले २०६२ माघ ६ गते सुझावसहित मन्त्रीमण्डलमा बुझाएको प्रतिवेदनमा २०४४ साल पुस मसान्तसम्ममा जानकी मन्दिर, रत्नसागर मठ र दशरथ मन्दिरले मनखपलगायतको जग्गाको लगत (विवरण) गुठी संस्थानमा पेस गरिसकेको उल्लेख छ । त्यस पछि पनि २०४४ साल पुस मसान्त भन्दा पहिलेको मितिको मनखपको कागज तयार गरी सम्बन्धित व्यक्तिहरुलाई दिइ सोही कागजको आधारमा अनाधिकृत तवरबाट महन्तहरुबाट गुठी तैनाती जग्गामा घर बनाउन लगाइएको उल्लेख छ । यी तीनै मन्दिरका महन्तहरुले करिब १४ विघा जग्गामा घर बनाउन लगाई करिब २० करोडको जग्गा बिक्री गरि सकेको उल्लेख छ ।

घिमिरे नेतृत्वको कार्यदलले जनकपुरधामका मठमन्दिरहरुलाई ट्रष्टमा लगिनु पर्ने सुझाव पनि दिएको थियो । प्रतिवेदनमा उल्लेख छ- 'राम मन्दिर तथा जानकी मन्दिर जस्ता आर्थिक रुपले अत्यन्त सवल मन्दिरहरुको सुव्यवस्थापनार्थ ट्रष्ट वा कोषको अपरिहार्यता स्वीकार गर्दै ट्रष्टको वैधानिक स्वरुप कायम नहुन्जेलसम्मका लागि व्यवस्थापन समिति गठन गरी ती मन्दिरहरुको प्रभावकारी व्यवस्थापन र संचालन गर्नु उपयुक्त हुनेछ ।' वर्षौंदेखि दराजमा रहेको उक्त प्रतिवेदन गृहमन्त्री लामिछानेको कार्यकालमा कार्यान्वयनमा आउने आशा जागेको छ ।

यसैगरि घिमिरे नेतृत्वको उच्चस्तरीय कार्यदलले जनकपुरधाम र यसको वरिपरी ४९ धार्मिक महत्वका सार्वजनिक पोखरीहरुको सूची पनि सार्वजनिक गरेको थियो । उक्त कार्यदलले जनकसरोवर, अमृतकुण्ड, गोपाल सर, पयस्वनी सर, वलदेव सरसहित पाँच सार्वजनिक सरोवरलाई लोप भइसकेको पोखरीका रुपमा सूचिकरण गरेको थियो । यी पोखरीहरुको अभिलेख सम्बन्धित अडामा होला नै ।

गुठी संस्थान अधिनस्थ अधिकांश मठ मन्दिरको जग्गा गुठी तैनाती जग्गा हुन्छ । यस्तो जग्गा अरुको नाममा रजिष्ट्रेशन पास वा अन्य कुनै रुपले बिक्री वितरण गर्न नपाउने व्यवस्था छ । तर मठ मन्दिरका महन्तहरु पुरानो मितिमा मनखप(वार्षिक धानबालीलिने समझौता)को कागज बनाइ उक्त जग्गा अझै पनि बिक्री गर्दैछन् । रजिष्ट्रेशन पास नभए पनि लाखौं मूल्य पर्ने यस्ता जग्गा हजारौंमा पाइने भए पछि, टाठा-बाठाहरु यस्ता जग्गा खरीद गर्छन ।

महन्त, गुठीका पदाधिकारी तथा सम्बन्धित सरकारी अडाको मिलेमतोमा वर्षौदेखि संचालित जग्गा बेच बिखन गर्ने व्यवसायका कारण जनकपुरधामका एक दर्जन अधिक मठ मन्दिर लोप भइसकेका छन् । केही मन्दिरमा विराजमान भगवानका प्रतिमाहरु पनि गायब पारिएका छन् । केही मन्दिरका भगवान भने अर्को मन्दिरमा शरणागत छन् ।

मिथिला नगरी जनकपुरधामलाई मठ मन्दिर र सरोबरहरुको नगर भनिएको छ । मिथिला सभ्यताको जीवन्त एलवमको रुपमा रहेको यो नगर अचेल मधेश प्रदेशको राजधानी पनि हो । राजधानी सफा सुग्घर र सु-संस्कृत हुनु पर्दछ भन्ने आममान्यता छ, तर नगरको फोहर व्यवस्थाप नगर्न गुठी संस्थान वा मठ मन्दिरले जग्गा उपलब्ध गराउन मान्दैन । अन्तरराष्ट्रियस्तरको खेल मैदान, स्कूल, कलेज तथा संग्रहालय आदि निर्माण गर्न जग्गा दिन आनाकानी गर्छन्, तर आपसी मिलेमतोमा निजी अस्पताल, धर्मशाला आदिलाई लामो समयको लिजमा भने दिने गरेका छन् ।

गृहमन्त्री लामिछानेको योजना सफल भए, गुठी मातहातको हजारौं बिघा जग्गा अतिक्रमणमुक्त हुने अनि राज्यलाई आवश्यक पर्ने संरचना निर्माण गर्न सजिलो हुने विश्वास गर्न सकिन्छ ।



सिकारी र सेनाबीच दोहोरो झडप

पर्सा राष्ट्रिय निकुञ्जमा एकको मृत्यु

टुडे समाचारदाता

बारा । पर्सा राष्ट्रिय निकुञ्जको कोर क्षेत्रभित्र वन्यजन्तु सिकारी र निकुञ्ज सुरक्षाकर्मीबीच दोहोरो झडप भएको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा भएको दोहोरो झडपको क्रममा दुबैतर्फबाट गोली हानाहान हुँदा चोरी सिकारीमा संलग्न एक जनाको मृत्यु भएको छ ।

सो झडपमा परी वन्यजन्तु सिकारी हेटौंडा उपमहानगरपालिका-१४ का ५२ वर्षीय सुकबहादुर तित्तुंगको मृत्यु भएको इलाका प्रहरी कार्यालय सिमराका प्रमुख चिरञ्जीवी दाहालले जनाएका छन् ।

शुक्रबार बिहान निकुञ्ज कर्मचारी, नेपाली सेनासहितको टोली गस्तीको क्रममा वन्यजन्तु सिकारीसंग जम्काभेट हुँदा दोहोरो झडप भएको थियो ।

नियमित गस्तीमा रहेको टोलीमाथि पकडीवास ठूलोथलीमा सिकारीको समूहले एक्कासी फायर खोल्दा सेनाले जवाफी फायरिङ गरेको थियो ।

हतियारसहित निकुञ्ज इलाकामा प्रवेश गरेका सिकारीलाई नभाग्न चेतावनी दिए पनि उल्टै सेनाको टोलीमाथि सिकारी समूहले फायरिङ गरेपछि सेनाको गस्तीले जवाफी फायरिङ गर्नुपरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सेनाको जवाफी फायरिङपछि भागेका सिकारीको टोलीलाई घटनास्थल वरपर खोज्दै जाँदा एक जना मृत अवस्थामा फेला परेको जनसम्पर्क तथा सूचना निर्देशनालयले पुष्टि गरेको छ । घटनास्थलबाट सेनाले दुई नाल भरुवा बन्दुक र सिकारीले प्रयोग गरेका बन्दोबस्तीका सामग्री फेला परेको जनाएको छ । अम्लेश्वर मध्यवर्ती सामुदायिक वन समितिका प्रतिनिधि, स्थानीय निकायका प्रतिनिधि, निकुञ्ज प्रशासन तथा इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरीद्वारा घटनासम्बन्धी अनुसन्धान तथा मृतकको मुचुल्का उठाइ शवको पोस्टमार्टमका लागि सम्बन्धित स्वास्थ्य संस्थामा पठाउन लागिएको जनाइएको छ ।

मधेसी मोर्चाको विस्तारित बैठक सुरु

टुडे समाचारदाता

वीरगञ्ज । नेकपा (माओवादी केन्द्र) जनवर्गीय संगठन मधेशी राष्ट्रिय मुक्ति मोर्चाको बृहत् विस्तारित बैठक शुक्रबारदेखि सुरु भएको छ ।

वीरगञ्जको नगरसभा गृहमा सुरु भएको विस्तारित बैठकमा मोर्चाको नीति र विधान, मधेशको जनजीविकाको सवाललगायत सांगठनिक गतिविधिबारे व्यापक छलफल हुने जनाइएको छ ।

मोर्चाको नीति तथा विधानको अधीनमा रही मधेश मुद्दाको विषयमा गहन छलफल हुने र सो बैठकमा सहभागी नेताहरुको राय सुझाव सहित घोषणा पत्र जारी गरी बैठक सम्पन्न हुने मोर्चाका इञ्चार्ज मातृका प्रसाद यादवले बताए ।

शुक्रबार र शनिबार दुईदिनसम्म चल्ने विस्तारित बैठकबाट निष्क्रिय अवस्थामा रहेको मधेशी राष्ट्रिय मुक्ति मोर्चालाई क्रियशील बनाउनुका साथै मधेशी जनताको समस्या मुद्दालाई उठान गरी भ्रष्टाचार निर्मूल गरी सुशासन कायम गर्न तर्फ अभियान सुरु गर्ने नेकपा माओवादी केन्द्रका उपमहासचिवसमेत रहेका इन्चार्ज यादवले बताए ।

डाक्नेश्वरी नगरपालिकामा चार दल आन्दोलित

टुडे समाचारदाता

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीचको विवाद उत्कर्षमा पुगेको बेला चार राजनीतिक दल पनि नगरप्रमुख रामलखन मुखियाविरुद्ध आन्दोलित भएका छन् ।

अघिल्लो बिहीबार प्रमुख प्रशासकीय अधिकृत कुन्दन कुमार कर्णले आफू नगर प्रमुखबाटै असुरक्षित रहेको भन्दै जिउज्यानको रक्षा र कार्यालयमा काम गर्ने वातावरणका लागि स्थानीय प्रशासन समक्ष निवेदन बुझाएको अर्को दिन शुक्रबार चार राजनीतिक दल पनि नगर प्रमुख मुखिया विरुद्ध आन्दोलनमा उत्रेका छन् ।

नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जसपा नेपाल र लोसपा नेपालका स्थानीय नेता तथा कार्यकर्ताले संयुक्त आन्दोलन संघर्ष समिति नै गठन गरि आन्दोलन थालेका छन् ।

शुक्रबार डाक्नेश्वरी नगरपालिकाको कार्यालय प्रवेशद्वार नजिकै पत्रकार सम्मेलनको आयोजना गरी चार दलले पहिलो चरणको आन्दोलन कार्यक्रमको घोषणा समेत गरेका छन् ।

जसअनुसार असार ८ गते शनिबार साँझ नगरमा मसाल जुलुस प्रदर्शन तथा ९ देखि १२ असारसम्म लगातार चार दिन कार्यालयको मूल गेटमै धर्ना बस्ने कार्यक्रम तय गरिएको छ ।

सो संघर्ष समितिले पत्रकार सम्मेलनमा १४ बुँदे माग समेत अघि सार्दै सो अवधिमा पनि सम्बोधन नगरिएमा दोश्रो चरणको आन्दोलन थप सशक्त कार्यक्रमहरु अघि बढाउने निर्णय गरेको सदस्यसमेत रहेका नेपाली कांग्रेसका नगर सभापति नारायण यादवले जानकारी दिए ।

नगरपालिकाका जनप्रतिनिधिहरुको बेथिति विरुद्ध संघर्ष गर्ने भन्दै आन्दोलनबाट माग पूरा नभएसम्म जारी नै रहने जसपा नेपाल नगर समितिका उपाध्यक्ष ओमप्रकाश यादवले बताए ।

उनले नगर प्रमुख र केही वडाअध्यक्षको मिलेमतोमा नगरपालिका भित्र व्यापक आर्थिक अनियमितता भएको र सो कार्यमा प्रमुख प्रशासकीय अधिकृतले साथ नदिँदा उनलाई समेत गालीगलौज र कार्यालय नआउन धम्की दिन थालिएको बताए । उनले नगर प्रमुख मुखिया पालिकालाई एमालेको कार्यकर्ता भर्ति केन्द्र बनाउन लागेको आरोप लगाउँदै विभिन्न तहका कर्मचारी नियुक्तिमा समेत अनियमितता भएको उनले दाबी गरे ।

संघर्ष समितिले नगर शिक्षा ऐन संशोधन, राजनीतिक प्रतिशोधको आधारमा गरिएको सरुवा खारेजी, पालिकाको आयव्यय सार्वजनिक, आर्थिक अनियमितताको छानबिन र भ्रष्ट कर्मचारीमाथि कारबाही गर्न माग गरेको छ ।

त्यस्तै आ.ब. २०७९/८० मा कोरोना महामारी शीर्षकमा गरिएको आम्दानी खर्च विवरण, आ.ब. २०७९/८० र २०८०/८१ मा खरिद गरिएको औषधि र सेनेटरी प्याडको आम्दानी खर्च विवरण, २०८०/८१ मा स्वास्थ्य शाखा, कृषि तथा पशु स्वास्थ्य शाखा र शिक्षा शाखामा भएको आम्दानी खर्च विवरण सार्वजनिक गर्नुपर्ने माग गरिएको छ । त्यस्तै राजनैतिक आस्थाका आधारमा हटाइएका कर्मचारीको पुनर्वहाली, पालिकाका भ्रष्ट कर्मचारी उमेश साहलाई दरबन्दी भएकै स्थानमा सरुवा गर्नुपर्नेलगायतका १४ बुँदे माग संघर्ष समितिले अघि सारेको छ ।

यसअघि प्रमुख प्रशासकीय अधिकृत कर्णले नगर प्रमुख मुखियासहित केही वडा अध्यक्षले रोजगार संयोजक र रोजगार सहायक पदको विज्ञापन र पदपूर्तिको विषयलाई लिएर आफूमाथि अभद्र व्यवहार गर्नुका साथै कार्यालय नआउन धम्की समेत दिएकाले सुरक्षा व्यवस्थाका लागि उनले प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीसमक्ष निवेदन दिएका थिए ।

सो पत्रकार सम्मेलनमा जसपा नेपाल नगर समितिका अध्यक्ष लक्ष्मण साह, बेचु साह, राजेश्वर राय, माओवादी केन्द्रका भुलाई राम, नेपाली काँग्रेसका भगवती प्रसाद यादव, लोसपा नेपालका नगर अध्यक्ष रामसागर मण्डल र सो पालिकाका वडा अध्यक्ष सत्रुधन मण्डल, भोगेन्द्र यादव र कुशेश्वर यादवको पनि सहभागिता रहेको थियो ।

यता डाक्नेश्वरी नगरपालिकाका नगर प्रमुख रामलखन मुखियाले नगरपालिका भित्र कुनै आर्थिक अनियमितता नभएको र विपक्षीले अनावश्यक रुपमा बखेडा झिकेको बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८